# स्थानीय राजपत्र

## वनगाड कुपिण्डे नगरपालिकाद्वारा प्रकाशित

संख्याः४ | खण्डः ८ | पारित मितिः२०८२।०३।२१

प्रकाशन मितिः २०८२।०३।२१

### भाग – २

### वनगाड कुपिण्डे नगरपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकिकृत कार्यविधि, २०८२

नगरपालिकामा बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा बालबालिका सम्बन्धी कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न गराउन, बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितत गरी बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न एकीकृत कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१), बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र वनगाड कुपिण्डे नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०८२ को दफा (४) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी वनगाड कुपिण्डे नगरपालकाको सभाले यो एकीकृत कार्यविधि जारी गरेको छ।

परिच्छेद १

<u>प्रारम्भ</u>

1. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८२" रहेकोछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

2. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) "प्रमुख" भन्नाले वनगाड कुपिण्डे नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(ख) "नगरपालिका" भन्नाले वनगाड कुपिण्डे नगरपालिका सम्झनु पर्छ ।

(ग) "उपप्रमुख" भन्नाले वनगाड कुपिण्डे नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(घ) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ भन्ने सम्झनु पर्छ।

(ङ) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ।

(च) "परिषद" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ।

(छ) "बालगृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको वा सञ्चालनमा रहेको र ऐनकै दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवा प्रदान गर्ने नगरपालिकाभित्र सञ्चालनमा रहेका संस्था सम्झनु पर्छ ।

(ज) "बाल क्लब वा संस्था" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि अठार वर्षपूरा नगरेका बालबालिकाले ऐनको दफा १० तथा नियमावलीको नियम ३ मा व्यवस्था भए अनुसार वडा तथा नगरपालिकामा सूचीकृत भएका १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको संस्था सम्झनु पर्छ ।

(झ) "बालकोष" भन्नाले विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि ऐनको दफा ६३ बमोजिम नगरपालिकामा स्थापना गरिएको बाल कोष सम्झनु पर्छ।

(ञ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ।

(ट) "बालसञ्जाल" भन्नाले बाल क्लब वा बाल संस्थाहरुको सञ्जालकोरुपमा नगरपालिकामा दर्ता भएको सञ्जाल सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(ड) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिम नगरपालिकामा नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ढ) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका नगरपालिका भित्रका बालबालिका सम्झनु पर्छ ।

(ण) “समाजसेवी तथा बाल मनोविज्ञ” भन्नाले ऐनको दफा ६२ बमोजिम नगरपालिकामा सूचीकृत भएका वा सूचीकृत भइ नियुक्त भएका व्यक्ति सम्झनु पर्छ ।

(त) "समिति" भन्नाले नगर बाल अधिकार समिति सम्झनु पर्छ ।यस शब्दले वडा बाल अधिकार समिति समेतलाई बुझाउनेछ।

(थ) "संस्था" भन्नाले बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई नगरपालिकाभित्र बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन, सञ्जाल तथा सामुदायिक संस्था सम्झनुपर्छ ।

(द) "सेवा प्रदायक निकाय" भन्नाले नगरपालिकामा बालबालिका सम्बन्धी सेवा प्रवाह गरिरहेका सरकारी निकाय, गैरसरकारी संघ संस्था, नीजि क्षेत्र, विद्यालय, श्रोत केन्द्र, प्रहरी चौकी, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बाल गृह, बाल सुधार गृह, बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवा जस्ता सेवा प्रदान गर्ने निकाय तथा संस्था सम्झनु पर्छ ।

(ध) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनुपर्छ ।

(न) “कार्यविधि” भन्नाले नगरपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(ऩ) “संरक्षक शिक्षक” भन्नाले विद्यालयमा बाल क्लब वा संस्थालाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## बालबालिकाको विशेष अधिकारको संरक्षण

**3.** पोषण तथा खोपको अधिकारको संरक्षण तथा प्रवर्धन गरिनेः- (१) नगरपालिकाले नगरपालिका भित्रका सबै बालबालिकालाई तोकिए बमोजिमका खोपहरुको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खोपहरुको व्यवस्थाका लागि नगरपालिकाले सबै वडामा खोपको प्रकार र लगाउनुपर्ने तालिकाहरु उल्लेख गरी जानकारी बोर्डको व्यवस्था गर्नेछ ।

(३) नगरपालिका भित्रका बालबालिकाको खण्डिकृत सूचना व्यवस्थापन गरी खोप लगाएका वा नलगाएका बालबालिको पहिचान गरिनेछ ।

(४) तालिका बमोजिम खोप नलगाएका बालबालिकालाई वडा कार्यालयहरुमार्फत खोपको लागि पारिवारिक परामर्श तथा सहजीकरण गरिनेछ ।

(५) नगरपालिकाले नगरपालिका भित्रका बालबालिकाको पोषणको अवस्थाको बारेमा वडा कार्यालयहरुमार्फत प्रत्येक ६/६ महिनामा तथ्याङ्क तथा जानकारी संकलन र अद्यावधिक गर्नेछ ।

(६) पोषण नपुगेका बालबालिकालाई उचित पोषणको व्यवस्थाका लागि आवश्यकता अनुसार नगरपालिकाले पारिवारिक परामर्श, पारिवारिक सहयोग तथा पोषण सामग्री सहयोग गर्नेछ ।

4. <u>सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन गरिने</u>:- (१) नगरपालिकाभित्र रहेका सडक बालबालिका उद्धार गरी बालबालिकाको प्रकृति अनुसार संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

(२) नगरपालिकाले नगर प्रहरीलाई परिचालन गरी नगरपालिका भित्र रहेका सडक बालबालिकाको बस्ने वा बस्न सक्ने सम्भावित स्थान तथा क्षेत्रहरूको पहिचान तथा नक्शाङ्कन र अनुमानित सडक बालबालिकाको पहिचान तथा संख्या यकिन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्थान तथा बालबालिकाको पहिचान भए पश्चात परिषद् एवम् बालबालिका खोजतलास सेवा (१०४) सँगको समन्वय र सहकार्यमा सडक बालबालिकालाई बालमैत्री ढंगमा उद्धार गर्नेछ ।

(४) उद्धार गरिएका सडक बालबालिकालाई यस कार्यविधिको परिच्छेद-५ बमोजिम सूचीकृत अस्थायी संरक्षण सेवा केन्द्रमा संरक्षण व्यवस्थापन गरिनेछ ।

(५) अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिका र परिवारको अवस्था लेखाजोखा गरी उपयुक्त ठहरिएका बालबालिकालाई परिवारिमा पुनर्मिलन गरिनेछ।

(६) परिवारमा पुनर्मिलन हुन नसकेका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था गरिनेछ।

(८) परिवारमा पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना भएका बालबालिकाको कम्तीमा दुई वर्षसम्म छ/छ महिनाको अन्तरमा नियमित आवधिक अनुगमन गरी सोको प्रतिवेदन समिति र परिषद्लाई उपलब्ध गराइनेछ ।

**स्पष्टिकरण**: यो दफाको प्रयोजनका लागि सडक बालबालिका भन्नाले २४ सै घण्टा सडकमा बस्ने, खाने र सडकमै जिवनयापन गर्ने बालबालिका सम्झनुपर्दछ ।

5. <u>बालश्रम रोकथाम र निषेध गरिने</u>:- (१) नगरपालिकालाई बालश्रम मुक्त बनाउनका लागि नगर बाल अधिकार समितिले बालश्रम मुक्त नगरपालिका अभियान सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभियानका लागि नगरपालिकाभित्र होटल, घर, रेस्टुरेन्ट, कारखाना, उद्योग, सार्वजनिक स्थान, सडक लगायतका क्षेत्रका यदी कसैले कानून विपरित बालश्रम प्रयोग गरिरहेको भए यस्ता कार्यहरु तत्काल रोक्न र त्यस्ता बालबालिकालाई सम्बन्धित परिवारमा नै पुनर्मिलन गराउन एक पटक ३० दिनको सार्वजनिक सूचना जारी गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचनाको अवधि समाप्त भए पश्चात देहायका प्रकृयाहरु अपनाई बालश्रममा रहेका बालबालिकाको उद्धार गर्नुपर्नेछः-

(क) नगरपालिका क्षेत्रमा भएका बालश्रमयुक्त क्षेत्रको पहिचानका लागि स्थानीय प्रहरीलाई परिचालन गर्ने,

(ख) पहिचान भएका बालश्रमयुक्त क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा बालबालिका रहेको भए त्यस्ता बालबालिकाको संख्या पहिचान गर्ने ।

(ग) पहिचान भएका बालबालिकालाई उद्धार गर्नका लागि श्रम कार्यालयसँग समन्वय गर्ने ।

(घ) उद्धार कार्य गर्नु पूर्व उद्धार पश्चात बालबालिकालाई राख्ने नगरपालिकामा वा अन्य स्थानीयतहमा सूचीकृत अस्थायी संरक्षण सेवासँग समन्वय गर्नुपर्नेछ ।

(ङ) श्रम कार्यालयको नेतृत्वमा समिति, बालबालिका खोजतलास सेवा (१०४) तथा स्थानीय प्रहरीको अनिवार्य संलग्नतामा त्यस्ता बालबालिकाको उद्धार गर्ने

(च) उद्धार गरिएका बालबालिकालाई यस कार्यविधि बमोजिम सूचीकृत अस्थायी संरक्षण सेवामा संरक्षण गर्ने र

(छ) पारिवारिक खोजी तथा लेखाजोखा गरी पारिवारिक पुनर्मिलन गर्ने वा परिवारमा पुनर्मिलन हुन नसकेमा वैकल्पिक हेरचाहको व्यवस्था गर्ने

(४) अनुगमन टोलीले नगरपालिकाभित्रका क्षेत्रहरुमा बालश्रम रहे नरहेको भन्ने विषयमा त्रैमासिक रुपमा अनुगमन गर्नुपर्नेछ ।

(५) नगरपालिकाले बालश्रम निवारणका लागि निजी क्षेत्रको सामाजिक उत्तरदायीत्व सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।

(६) सडकमा जोखिमपूर्ण अवस्थामा वस्तु विनिमयमा संलग्न तथा माग्ने बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

(७) नगरपालिकाभित्र सञ्चालित प्रत्येक होटल, रेस्टुरेन्ट, कारखाना, उद्योग लगायतका स्थानहरुमा बालश्रममुक्त लेखिएको बोर्ड राख्नुपर्नेछ ।

(८) बालश्रम सम्बन्धी कानूनी व्यवस्थाहरुको बारेमा नियमित रुपमा प्रचारप्रसार एवम् जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।

(९) बालबालिकालाई जोखिमपूर्ण श्रममा संलग्न गराउने व्यक्ति, परिवार वा संस्थालाई कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

6. <u>बालविवाह रोकथाम, न्यूनीकरण तथा अन्त्य गरिनेः</u>- (१) नगरपालिकालाई बालविवाहमुक्त बनाउनका लागि नगर बाल अधिकार समितिले बालविवाह मुक्त नगरपालिका अभियान सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभियान सञ्चालनका लागि प्रत्येक वडामा हुने सबै विवाहको विवाह पुर्वनै सूचना दिन र अभिलेखीकरणका लागि वडा बाल अधिकार समितिका पदाधिकारी मध्येबाट १ जनालाई स्थानीय बाल अधिकार समितिले तोक्नुपर्नेछ ।

(३) उपदफा (२) को आधारमा प्राप्त सूचना र अभिलेखहरुको अध्ययन गरी समितिले सबै भन्दा बढी बाल विवाह हुने वडा, समुदाय र स्थान पहिचान गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको स्थान एवम् समुदाय पहिचान भए पश्चात त्यस्ता स्थानका बढी जोखिममा रहेका किशोर किशोरीहरुको पहिचान गरी समितिले त्यस्ता किशोरकिशोरी लक्षित सामजिक तथा जिवनोपयोगी सीप विकासका लागि रुपान्तरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

<u>स्पष्टिकरण:</u> रुपान्तरण कार्यक्रम भन्नाले किशोरकिशोरीको शसक्तिकरण एवम् जिवनोपयोगी सीप र वित्तिय साक्षरताका लागि महिला, बालबलिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले निर्माण स्वीकृत गरेको पाठ्यक्रमको आधारमा अभ्यास गरिने सीप तथा ज्ञान सिकाइ सम्बन्धी कार्यक्रम सम्झनुपर्दछ ।

(५) नगरपालिकाभित्र प्रत्येक घरमा बाल विवाह गर्दिन र बाल विवाह गर्न दिन्न भन्ने लगायतका सन्देशमूलक समाग्री प्रकाशन र प्रसारण एवम् प्रचारप्रसार गर्नुपर्नेछ ।

(६) नगरपालिकामा बाल विवाह मुक्त वडा तथा पालिका अभियान सञ्चाललका लागि समितिले विकास साझेदार तथा नागरिक संगठनहरुसँग समन्वय गरी आवश्यकता अनुसार परिचालन गर्न सक्नेछ।

(५) बाल विवाह मुक्त स्थानीय तह निर्माणका लागि नयाँ नयाँ रणनीति एवम् कार्यक्रमको पहिचान गर्ने एवम् सो को कार्यान्वयनका लागि नगरपालिकामा नीतिगत सुधारका लागि पैरवी एवम् आवश्यक समन्वय र सहकार्य गर्नु समितिको दायीत्व हुनेछ।

**7.** <u>बालिका तथा किशोरी संरक्षणका लागि मर्यादित महिनावरी प्रवर्द्धन गरिने:</u>- (१) नगरपालिकालाई छाउपडीमुक्त नगरपालिका बनाउनका लागि समितिले अभियान सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभियान सञ्चालनका लागि प्रत्येक घर, विद्यालय, समुदाय र सार्वजनिक स्थानमा सन्देशमूलक समाग्री तयार गरी राख्नुपर्नेछ ।

(३) मर्यादित महिनावारी प्रवर्द्धन गरी बालिका तथा किशोरी संरक्षणको दायित्व पुरा गर्न प्रत्येक वर्ष वार्षिक कार्यक्रम मार्फत सवैलाई जिम्मेवार वनाईने छ।

(४) छाउपडी सम्वन्धी कानूनी व्यवस्थाका साथै अभिभावकलाई सचेतना जागृत गराउन , प्रचारप्रसारका कार्यक्रम गर्ने।

(५) बालबालिकालाई महिनावारी भएको वेला विभेद गर्ने व्यक्ति, परिवार वा संस्थालाई कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

8. **जोखिमी अवस्थामा रहेका बालबालिकाको पहिचान र संरक्षणः-** (१) समितिले नगरपालिका भित्र जोखिमी अवस्थामा रहेका बालबालिकाको पहिचान गरी आवश्यक सेवा प्रवाह गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जोखिममा परेका बालबालिकाको पहिचान तथा सो को अभिलेखीकरणका लागि बाल अधिकार समितिले समाजसेवीलाई जिम्मेवारी दिन सक्नेछ ।

तर नगरपालिकामा उपदफा (२) बमोजिमको समाजसेवी सूचिकृत नभएको अवस्थामा पालिकामा सामाजिक संस्थामा कार्यरत सामाजिक कार्यकर्ता वा अन्य संघसंस्थाका कर्मचारीलाई समितिले खटाउन बाधा पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम समाजसेवीले पहिचान गरेका जोखिमी अवस्थामा रहेका बालबालिकालाई आवश्यक सेवाहरु तथा बालबालिकाको सर्वोत्तम हित सम्बन्धी विषयहरु समेत खुलाई समाजसेवीले सो को प्रतिवेदन बाल कल्याण अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको अध्ययन गरी बालकल्याण अधिकारीले बालबालिकालाई तत्काल कुनै सहयोग गर्नुपर्ने अवस्था भएमा बालकल्याण अधिकारी आफैले बालबालिकाको उच्चतम हित निर्धारण गरी घटना व्यवस्थापन प्रकृया माईत सहयोग गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको प्रतिवेदनले बालबालिकालाई वैकल्पिक स्याहार सेवाको आवश्यकता देखाएको छ भने त्यस्तो अवस्थामा बालकल्याण अधिकारीले उक्त प्रतिवेदनमा प्रतिवेदनमा आफ्नो सुझाव सहित राखी उक्त प्रतिवेदन गाउँ बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

(६) समितिको निर्णयले त्यस्ता बालबालिकालाई घटना व्यवस्थापन प्रकृया अनुसार संरक्षण तथा व्यवस्थापन गर्नुपर्नेछ ।

(७) यस दफा बमोजिम पहिचान भएका घटनाहरुलाई सूचना व्यवस्थापन प्रणालीमा अभिलेखीकरण गर्नु बाल कल्याण अधिकारीको दायित्व हुनेछ ।

## परिच्छेद-३

## बालअधिकार समिति सम्बन्धी व्यवस्था

9. **नगर बाल अधिकार समितिको गठन**ः ऐनको दफा ६० को उपदफा (२) बमोजिम नगरपालिकामा देहाय बमोजिमको नगर बाल अधिकार समिति रहनेछः-

(क) उपप्रमुख -अध्यक्ष

(ख) महिला नगरसभा सदस्य १ जना -सदस्य

(ग) नगरपालिकाले तोकेको माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्ये १ जना -सदस्य

(घ) सूचीकृत समाजसेवी वा मनोविज्ञमध्ये १ जना -सदस्य

(ङ) नगरपालिकाको सामाजिक महाशाखा प्रमुख १ जना र बालबालिका

शाखा प्रमुख १ जना गरी २ जना -सदस्य

(च) नगरपालिकामा दर्ता भएकामध्ये नगरपालिकाले तोकेको बालक्लबबाट १ जना बालिका सहित २ जना -सदस्य

(छ) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट नगरपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

(ज) सथानीय प्रहरी प्रमुख, नेपाल प्रहरी -सदस्य

(झ) नगरपालिका भित्रका अस्पताल वा स्वास्थ संस्थामध्ये नगरपालिकाले मनोनयन गरेका एकजना प्रतिनिधि -सदस्य

(ञ) बाल कल्याण अधिकारी -सदस्य–सचिव

(२) उपदफा (१) को खण्ड (छ) र खण्ड (झ) बमोजिम मनोनित सदस्यको पदावधी दुई वर्ष हुनेछ र नगरपालिकाले पुनः एकपटकका लागि दुई वर्षको पदावधि थप गर्न सक्नेछ ।

**10.** __समितिको काम, कर्तव्य र अधिकारः__ (१) गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) बाल अधिकार सम्बन्धी आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

(ग) नगरपालिका भित्र सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) नगरपालिकाभित्र हुन सक्ने बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम, निषेध र नियन्त्रण, सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनःस्थापना, र व्यवस्थापन लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकार संरक्षण र सम्वर्धन तथा वैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग, सहजीकरण र सहकार्य गर्ने,

(ङ) नगरपालिका भित्रका वडा, विद्यालय, टोल, समुदाय, घर तथा परिवारलाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने तथा आवश्यक सहजीकरण गर्ने ।

(च) नेपाल सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरु लागू गरी बालमैत्री विद्यालय, बालमैत्री वडा, बालमैत्री स्थानीय तह अवलम्बन गरी घोषणा गर्ने ।

(छ) बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) जोखिममा परेका बालबालिकाको उद्धार, राहत, संरक्षण तथा व्यवस्थापन गर्ने,

(झ) बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी गाउँपालिकाको स्वीकृतिमा बालबालिका सम्बन्धी वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने र सोको एक/एक प्रति प्रदेश बाल अधिकार समिति, बालबालिकाको विषय हेर्ने प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(ञ) बालबालिका सम्बन्धी तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण, अद्यावधिक गरी सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा गाउँपालिकालाई सहयोग गर्ने,

(ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न नगरपालिका र जिल्ला अदालतलाई सहयोग गर्ने ।

(ठ) बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्धनका लागि प्रदेश बाल अधिकारी समिति तथा परिषद्सँग समन्वय र सहकार्य गर्ने ।

(ड) नगरपालिका भित्रका बालबालिकासँग सम्बन्धित वा सरोकार राख्ने सामाजिक संस्था, सार्वजनिक निकाय, विद्यालय र निजी क्षेत्रमा बाल संरक्षण मापदण्ड लागू गर्ने

**11.** <u>समितिको बैठकः</u> (१) नगर बाल अधिकार समितिको बैठक त्रैमासिकरुपमा कम्तिमा एक पटक बस्नेछ । तर, समितिले आवश्यक ठानेमा जुनसुकै बेला समितिको बैठक बस्न सक्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघसंस्थाका प्रतिनिधि एवं पेशागत विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) समितिको निर्णय समितिका सदस्य-सचिवले प्रमाणित गरी अभिलेख राख्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**12.** <u>उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः</u> (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त नगरसभा सदस्य तथा कर्मचारीहरु मध्ये आवश्यकता अनुसार निश्चित अवधिका लागि उपसमितिहरु गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने उपसमितिलाई बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी कार्य गर्न गराउन दीर्घकालीन जिम्मेवारी तोक्न सकिनेछ ।

१९. <u>वडा बाल अधिकार समिति गठन गर्न सक्नेः</u> (१) नगरपालिकाका प्रत्येक वडामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिका लागि देहाय बमोजिमको वडा बाल अधिकार समिति रहनेछः-

(क) वडा अध्यक्ष -संयोजक
(ख) बालबालिका हेर्ने फोकल पर्सन (वडा सदस्य) -सदस्य
(ग) वडाभित्र रहेका विद्यालयका प्रधानाध्यापक वा शिक्षक मध्येबाट १ जना -सदस्य
(घ) महिला स्वास्थ्य स्वयमसेवीका मध्येबाट १ जना -सदस्य
(घ) वडास्तरीय बालक्लवले मनोनित गरेको बालबालिका १ जना -सदस्य
(ङ) बालअधिकार तथा सामाजिक कार्यमा क्रियाशिल व्यक्तिमध्येबाट १ जना -सदस्य
(ज) वडा सचिव १ जना -सदस्य– सचिव

(२) पदीय हैसियतमा वडा बालअधिकार समितिमा पदेन सदस्यको रुपमा मनोनित भएका कुनै पनि सदस्य मनोनयनका बखत बहाल रहेको पदमा नरहेमा निज वडा बालअधिकार समितिको सदस्य रहने छैनन् ।

(३) उपदफा (३) बमोजिम वा अन्य कुनै कारणबाट वडा बालअधिकार समितिको सदस्य पद रिक्त भएमा सोको यथाशिघ्र पदपूर्ति गरिनेछ ।

तर, त्यस्तो पदपूर्ति नभएकै कारण वडा बालअधिकार समितिको काम कारवाहीमा बाधा पुग्नेछैन ।

13. <u>वडा बालअधिकार समितिको बैठकः-</u> (१)वडा बालअधिकार समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) वडा बालअधिकार समितिको बैठक दुई महिनामा कम्तीमा एकपटक बस्नेछ । तर, वडा बालअधिकार समितिले आवश्यक ठानेमा जुनसुकै बेला बैठक बस्न सक्नेछ ।

(३) वडा बालअधिकार समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(४) वडा बालअधिकार समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) वडा बालअधिकार समितिको बैठकमा आवश्यकताअनुसार बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघसंस्थाका प्रतिनिधि एवं पेशागत विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) वडा बालअधिकार समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी अभिलेख राखिनेछ ।

(७) वडा बालअधिकार समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**14. <u>वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः</u>** वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका, जोखिममा रहेका बालबालिकाको उद्धार, पुनःस्थापना लगायत सबै बालकालिकाको तथ्याङ्क संकलन, अद्यावधिक र अभिलेखीकरण गर्ने तथा समितिमा पेश गर्ने,

(ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत निकाय एवं बालक्लब लगायतका संघ संस्थाहरूको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बालअधिकारको प्रवर्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने, गराउने,

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी सम्बन्धित निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने,

(घ) बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षण र सम्वर्धनका निमित्त चेतना अभिबृद्धि, जागरण अभियान सञ्चालन गर्ने, बालबालिका सम्बन्धी दिवसहरू मनाउने तथा सो सन्दर्भमा बालबालिकाको निम्ति रचनात्मक, सिर्जनात्मक कार्यक्रमहरू गर्ने, गराउने,

(ङ) बालअधिकार हननका सम्बन्धमा आएका सूचना तथा उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने तथा बालबालिकाको उद्धार, संरक्षणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने तथा समितिलाई सहयोग गर्ने,

(झ) वडामा बालबालिकासम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन समिति समक्ष पेश गर्ने,

(ञ) नगर बाल अधिकार समिति सँग आवश्यक समन्वय गरी विशेष संरक्षणका आवश्यकता भएका बालबालिकालाई उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापनाका लागि बाल कोष समेतबाट आवश्यक सहयोग प्रदान गर्नका लागि सिफारिस गर्ने,

(ठ) वडामा रहेका बाल क्लबहरूको क्रियाशिलता तथा व्यवस्थापनका लागि आवश्यक सहजीकरण, सहयोग गर्ने तथा वडाको योजना निर्माणको चरणमा नै बालबालिकाको सहभागिता सुनिश्चित गर्न आवश्यक सहजिकरण गर्ने,

(ढ) वडा बालअधिकार समितिका बैठकका निर्णयहरू एवं सम्पन्न गरिएका सबै काम कारबाहीहरूको अभिलेख दुरूस्त र सुरक्षित राख्ने,

(ण) वडाभित्र सञ्चालनमा रहेका अस्थायी संरक्षण सेवा, वैकल्पिक हेरचाह प्रदायक संस्थाहरुको अनुगमन गरी सो सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने

(त) वडा भित्रका बालबालिकासँग सम्बन्धित वा सरोकार राख्ने सामाजिक संस्था, सार्वजनिक निकाय, विद्यालय र निजी क्षेत्रमा बाल संरक्षण मापदण्ड लागू गर्ने

## परिच्छेद ४
## बाल क्लब वा संस्था तथा सञ्जाल सम्बन्धी व्यवस्था

**15. बाल क्लब वा संस्था गठनका लागि सूचना जारी गर्नुपर्ने:-** (१) समुदायमा आधारित बाल क्लब वा संस्था गठन गर्न चाहिने व्यक्ति, समूह तथा संगठनले बाल क्लब वा संस्था गठन गर्ने औचित्य र कारणहरु समेत स्पष्ट पारी न्यूनतम सात दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अभिभावकहरुलाई खुला सूचना दिनुपर्नेछ ।

(२) यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायद्धारा बोलिने मातृ भाषाहरुमा समेत दिनुपर्नेछ ।

(३) सूचना उपलब्ध गराउने विधि गाउँपालिका र यसका वडा कार्यालय, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरु, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालय र पहुँचमा आएका बालबालिकालाई मौखिक रुपमा भेलाका लागि जानकारी दिनु पर्नेछ ।

(४) बाल क्लब वा संस्था गठन गर्ने भेलामा कम्तिमा २५ जना बालबालिका उपस्थित हुनुपर्नेछ ।

(५) विद्यालयमा आधारित बाल क्लब वा संस्था गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गर्ने एवम् भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, संरक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गर्नुपर्नेछ ।

(६) विषयगत बाल क्लब वा संस्था गठन गर्दा स्थानिय समुदायमा वा विद्यालयमा जहाँ गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गर्नु पर्नेछ ।

**16.** <u>बाल क्लब वा संस्था दर्ता गरिनेः-</u> (१) दफा १५ बमोजिमको सूचनाको आधारमा गरिएको भेलाले निर्णय गरी कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरुमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचारप्रसार र अनुगमन लगायत नियमावलीको नियम ५ मा उल्लेखित कार्यका लागि बालबालिकाले वडा कार्यालयमा बालक्लब वा संस्था दर्ताका लागि अनुसूची-१ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछ ।

(क) प्रस्तावित बाल क्लव वा संस्थाको विधान

(ख) प्रस्तावित बाल क्लब वा संस्था खोल्ने सम्बन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपि

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनहरुको वडा कार्यालयले आवश्यक जाँचबुझ गरी बालक्लब वा संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा प्रमाणपत्र जारी गर्नेछ ।

**17.** <u>विद्यालयमा आधारित बाल क्लब वा संस्थाः</u>- (१) एक विद्यालयमा एक बाल क्लब वा संस्था रहनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विषयगत बाल क्लब वा संस्थारु सोही बाल क्लब वा संस्था अन्तर्गत उपसमूहका रुपमा क्रियाशिल हुन सक्नेछन् ।

(क) विषयगत क्षेत्र

(१) बाल विवाह,

(२) वातावरण, बाल पोषण, खोप, स्वास्थ्य तथा सरसफाई,

(३) जलवायु परिवर्तन र बालबालिकामाथिको प्रभाव,

(४) बालश्रम

(५) बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार

(६) बुलिङ र शारिरीक दण्ड र सजाँय

(७) अन्य

(३) उपदफा (१) बमोजिम गठन भएको बाल क्लब वा संस्थामा सम्बन्धित विद्यालयमा अध्ययनरत रहेकामध्ये सबै जातजाति, कक्षा, लिंग र आर्थिक तथा शारीरिक अवस्थाबाट कमजोर बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनुपर्नेछ ।

(४) यस दफा बमोजिमको बाल क्लब वा संस्थाको नेतृत्व गर्ने बालबालिका ८ देखि १७ बर्ष उमेर समुहको हुनुपर्नेछ र यसको नेतृत्व र सदस्य सम्बन्धित विद्यालयमा अध्ययनरत बालबालिका नै हुनपर्नेछ ।

18. <u>समुदायमा आधारित बाल क्लब वा संस्थाः-</u> (१) नगरपालिका भित्रको निश्चित भूगोल भित्रका बालबालिका समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर बालबालिकाले समुदायमा आधारित बालक्लब वा संस्था गठन गरी दर्ता गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको बाल क्लब वा संस्था नगरपालिकाको कुनै टोल वा बस्ती वा वडा भित्र गठन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको बालक्लब वा संस्थाले सम्बन्धित भूगोल भित्रका सबै उमेर, लिङ्ग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकाहरुलाई समेट्ने तथा उनिहरुको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ ।

(४) समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरुमा आधारित रहेर गठन भएका यस्ता बाल क्लब वा संस्थालाई विषयगत बाल क्लब वा संस्था मानिनेछ ।

(५) यस दफा बमोजिमको बाल क्लब वा संस्थाको नेतृत्व गर्ने बालबालिका ८ देखि १७ बर्ष उमेर समूहको हुनुपर्नेछ र यसको नेतृत्व र सदस्य सम्बन्धित समुदायमा स्थायी बसोबास गर्ने बालबालिका हुनपर्नेछ ।

19. <u>विशिष्टीकृत बाल क्लब वा संस्था गठन गर्न सक्ने-</u>(१) अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयमसेवा अभियान तथा संगठनहरु, नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले आफ्नो आवश्यकता अनुसार विशेष प्रकृतिको आफ्नो संस्थागत बाल क्लब वा संस्था गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाल बालक्लब वा संस्थाहरुको गठन र व्यवस्थापन विधि स्वयम् यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरुबाट सञ्चालित हुन सक्नेछन् ।

(३) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अपाङ्गता भएका बालबालिकाले अपाङ्गता भएका बालबालिका मात्र सदस्य रहने गरी र बालिकाले बालिका मात्र सदस्य रहने गरी १५ जनाको भेला मार्फत विद्यालयमा आधारित वा समुदायमा आधारित बालक्लब वा संस्था दर्ता गर्न सक्नेछन ।

20. <u>बालक्लब वा संस्थाको नेतृत्व चयनः</u>- (१) दफा १५ बमोजिमको भेलामा सहभागी बालबालिकासँगको छलफल र सहमतीको आधारमा देहाय बमोजिम बाल क्लब वा संस्थाको नेतृत्व चयन गर्न सकिने छ ।

(क) बहुपदिय नेतृत्वः- बाल क्लब वा संस्थामा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष, तथा विषयगत संयोजकहरु तय भएको नेतृत्व ।

(ख) चक्रिय नेतृत्वः- बाल क्लब वा संस्थामा निश्चित संख्यामा कार्यसमिति सदस्य रहने र कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र

कार्यसमितिको कुनै सदस्य सचिव बन्ने । यही प्रक्रिया आगामी बैठकहरुमा दोहोरिदै जाने ।

(ग) संयोजन समूहः- बाल क्लब वा संस्थामा निश्चित संख्यामा संयोजन समूह रहने र बाल क्लब वा संस्थाको कार्यक्रम र बैठक अनुसार संयोजन, अध्यक्षता र प्रतिनिधित्व गर्न जिम्मेवारी तोक्ने ।

(२) बाल क्लब वा संस्थाको कार्यसमिति संख्या ७ देखि १३ सदस्यीय सम्म बनाउन सकिनेछ ।

(४) बाल क्लब वा संस्थाको नेतृत्व बालिका, दलित समुदाय, अपाङ्गता भएका बालबालिका तथा पछाडी पारिएका बालबालिकाको सहभागिता सुनिश्चित हुनेगरी समावेशिताको आधारमा चयन गर्नुपर्नेछ ।

(५) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल क्लब वा संस्थाको नेतृत्वमा बस्न पाउने छैन ।

तर बाल क्लब वा संस्थाका नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न सक्नेछ ।

(६) समुदायमा आधारित बाल क्लब वा संस्थाको नेतृत्व प्रत्येक २ वर्षमा परिवर्तन गर्नुपर्दछ भने विद्यालयमा आधारित बाल क्लब वा संस्थाको नेतृत्व परिवर्तन प्रत्येक वर्ष गर्नुपर्दछ ।

(७) एकै व्यक्ति बाल क्लब वा संस्थाको पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको रुपमा एक कार्यकाल भन्दा बढी समय बस्न सक्ने छैन तर कार्यसमितिको सदस्य भने बस्न फरक पर्ने छैन ।

(८) बाल क्लब वा संस्थाका सदस्यहरुमाझ नेतृत्व चयनका सन्दर्भमा विवादहरु आएमा निम्नानुसार अभ्यास गर्न सकिनेछः-

(क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल क्लब वा संस्थालाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुती गर्न सक्नेछ ।

(ख) नेतृत्व गर्न चाहने सदस्यहरु मात्र छलफल गरी सहमतीमा अग्रसर हुने ।

(ग) नेतृत्वलाई चक्रिय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने

(घ) उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरु मध्येबाट मतदान प्रक्रियाबाट चयन गर्नुपर्नेछ र मतदान प्रक्रियाको सहजिकरण संरक्षक शिक्षक वा वयस्क सहजकर्ताबाट गर्नु पर्नेछ ।

**21.** <u>पदावधि समाप्त हुनेः</u>- (१) बालक्लब वा संस्था एवम् सञ्जालमा रहने नेतृत्व एवम् सदस्यको पदावधि बालबालिका १८ वर्ष पुरा भएपश्चात स्वतः समाप्त हुनेछ ।

**22.** <u>क्षमता विकास तथा कार्यक्रम सञ्चालन सहायता प्रदान गरिनेः</u>- (१) नगरपालिकाले बालक्लब वा संस्थालाई बालबालिकाको हक, हित र अधिकारको प्रवर्धन, सिर्जनात्मक गतिविधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने किसिमका कार्यक्रम सञ्चालनका लागि सहयोग गर्नेछ ।

(२) बालक्लब वा संस्थाले उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि बाल भेलाबाट आएका योजना वा कार्यक्रमको अवधारणा सहित सहयोगको लागि गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनहरुको आधारमा गाउँपालिकाले त्यस्ता कार्यक्रम सञ्चालनको व्यवस्थापन गर्नेछ ।

(४) यस दफा बमोजिम कार्यक्रम सञ्चालनको क्रममा बाल क्लब वा संस्थालाई आर्थिक कारोबार सम्बन्धी व्यवहारमा संलग्न गराइने छैन ।

(५) नगरपालिकाले दर्ता भएका बाल क्लब वा संस्थाको नेतृत्व विकास एवम् विषयगत क्षमता अभिवृद्धिका लागि आवधिक रुपमा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

**23.** <u>बालक्लब वा संस्था सञ्जाल गठन गर्न सकिनेः</u>-(१) नगरपालिकामा दर्ता भएका बाल क्लब वा संस्थाहरु एक आपसमा भेला भई एक आपसमा काम र अभियानहरुलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरुलाई सामूहिकिकरण गर्न गाउँपालिका स्तरीय एक बाल क्लब वा संस्था सञ्जाल गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्जालहरु प्रत्येक वडामा पनि वडा स्तरीय बाल क्लब वा संस्था सञ्जालको रुपमा दर्ता गर्न सकिनेछ ।

(३) बाल क्लब वा संस्था सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल क्लब वा संस्थाहरु सम्मिलित गरिनेछ ।

(४) बाल क्लब वा संस्था सञ्जाल गठन गर्नका लागि गाउँ र वडा तहमा बाल क्लब वा संस्थाहरूको प्रतिनिधि भेलाको आयोजना गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको भेलामा सञ्जालले समेट्ने क्षेत्रहरु समुदाय, विद्यालय तथा विषयगत बाल बालक्लब वा संस्थालाई भेलाको मिति भन्दा ७ दिन अगावै सूचना प्रदान गर्नुपर्नेछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछः-

(क) भेलाको मिति, समय र स्थान,

(ख) भेलामा छलफल हुने विषयहरू,

(ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लब वा संस्थाको प्रतिनिधि संख्या (जातजाति, लिङ्ग समेत तय गरिएको भए सो समेत)

(घ) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(ङ) भेलामा सहभागीका लागि उपलब्ध नहुने सेवा र सुविधा, र

(च )अन्य आवश्यक विषयवस्तु ।

(५) बाल क्लब वा संस्थाका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्नेछ ।

(क) आफ्नो बाल क्लब वा संस्थामा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ, ।

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ, ।

(ग) समुदायमा आधारित बाल क्लब वा संस्थाको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

(६) बाल क्लब वा संस्थाले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका, दलित समुदाय, अपाङ्गता रहेका बालबालिका, यौनिक तथा लैंगिक अल्पसंख्यक तथा पिछडिएका बालबालिकाको सहभागिता सुनिश्चित हुनेगरी समावेशिताको आधारमा चयन गर्नुपर्नेछ ।

(७) सञ्जाल भेलामा सहभागी हुने बाल क्लब वा संस्था प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोबास भएको हुनु पर्नेछ ।

(८) बाल क्लब वा संस्था सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिका माझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनुपर्नेछ ।

(९) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

(१०) बालबालिकामाझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

## परिच्छेद-५

## बाल संरक्षण सेवा सम्बन्धी व्यवस्था

**24. सार्वजनिक सूचना जारी गर्नेः-** (१) नगरपालिकामा बाल संरक्षण सम्बन्धी सेवाहरुको व्यवस्थापन गर्न देहाय बमोजिमको संयन्त्रहरुको सूचीकरणका लागि नगरपालिकाले ३५ दिनको सार्वजनिक सूचना जारी गर्नेछः-

(क) बालबालिकालाई वैकल्पिक हेरचाहमा संरक्षण सेवा प्रदान गर्न चाहने व्यक्ति वा परिवार

(ख) परिषदबाट सञ्चालन अनुमति प्राप्त परिवारमा आधारित हेरचाह गर्ने संस्था, बालगृह र अस्थायी संरक्षण सेवा

(ग) नेपाल सरकारको स्वीकृतिमा परिषदबाट सञ्चालन अनुमति प्राप्त पुनःस्थापना केन्द्र

(२) उपदफा (१) बमोजिमको संयन्त्रहरुको सूचीकरणका नगरपालिकाले राष्ट्रिय पत्रपत्रिका वा स्थानीय पत्रपत्रिका वा वेवसाइट वा सूचना पाटीमार्फत सूचना जारी गर्न सक्नेछ ।

25. **निवेदन दिनुपर्नेः-** (१) दफा २४ को खण्ड (क) अनुसारको व्यक्ति वा परिवारले नगरपालिकामा सूचीकृत हुनका लागि अनुसूची-३ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछः-

(क) सूचीकृत हुनका लागि निवेदन

(ख) नागरिकताको प्रमाणीत प्रतिलिपी

(ग) पारिवारिक सदस्यहरुको विवरण

(घ) घर तथा जग्गा-जमिन सम्बन्धी विवरण

(ङ) वार्षिक आम्दानी, खर्च र बचतको विवरण

(च) आम्दानीको स्रोत

(छ) घरेलु हिंसा, बालबालिका विरुद्धको कसूर तथा नैतिक पतनदेखिने फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको स्व-घोषणापत्र

(ज) शारीरिक र मानसिक समस्या नभएको, दीर्घकालीन उपचार गर्नुपर्ने वा सरुवा रोगबाट संङ्क्रमित नभएको र लागू पदार्थ दुर्व्यशन वा अन्य कूलतमा नलागेको खुलेको मान्यताप्राप्त चिकित्सकबाट सिफारिसपत्र

(२) दफा २४ को सूचना अनुसार दफा २४ को उपदफा (१) को खण्ड (क) बमोजिको व्यक्ति वा परिवारको लागि अनुसूची-४ बमोजिको प्रमाण-पत्र प्रदान गरिनेछ। (ख) र (ग) बमोजिमको संयन्त्रहरुले नगरपालिकामा सूचीकरण हुनका लागि *अनुसूची-५* बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछः-

(1) सूचीकृत हुनका लागि निवेदन

(2) संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र

(3) परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरणको प्रमाण

(4) पुनःस्थापना केन्द्रको हकमा निर्णयले परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरण

(5) संस्थाको बालबालिका संरक्षण गर्न सक्ने क्षमता र हाल संरक्षणमा रहेका बालबालिकाको विवरण

(३) उपदफा (२) बमोजिम अस्थायी संरक्षण सेवा प्रदायकले आफ्नो विशिष्टिकृत क्षमता अनुसार देहाय बमोजिमका वर्गिकरणको आधारमा निवेदन दिनुपर्नेछः-

(क) लागू पदार्थ दुर्व्यसनी उपचार सहित सडक बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ख) बालबालिका विरुद्धको यौनहिंसा तथा दुर्व्यवहारबाट पीडित र प्रभावित बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ग) वेवारिसे फेला परेका बालबालिकाको अस्थायी संरक्षण सेवा

(घ) जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिकाको उद्धार पछिको अस्थायी संरक्षण सेवा

(ङ) बाह्य देशबाट उद्धार गरिएका, वेचविखन तथा ओसारपारमा परेका बालबालिकालाई उद्धार पछिको अस्थायी संरक्षण सेवा

(च) मापदण्ड विपरित सञ्चालनमा रहेका वैकल्पिक स्याहारबाट उद्धार गरिएका बालबालिकाको पुनःस्थापना नभएसम्मका लागि अस्थायी संरक्षण सेवा

(४) उपदफा (३) बमोजिमको निवेदन दिँदा एक वा एक भन्दा बढी पेरकारको सेवा प्रदान गर्ने गरी निवेदन दिन सक्नेछ ।

26. <u>बाल संरक्षण संयन्त्रको सूचीकरणः-</u> (१) बाल कल्याण अधिकारीले यस कार्यविधिको दफा २५ को उपदफा (१) र (२) बमोजिम प्राप्त निवेदनहरुको लेखाजोखा गरी उपदफा (३) बमोजिमको वर्गिकरणको आधारमा कुन किसिमको सूचीकरण गर्न उपयुक्त रहे नरहेको व्यहोरा खुलाई गाउँ बाल अधिकार समिति समक्ष लेखाजोखा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनका आधारमा नगर बाल अधिकार समितिको निर्णयले निवेदक बाल संरक्षण संयन्त्रहरुको सूचीकरण गर्नेछ ।

(३) गाउँ बाल अधिकार समितिमा सूचीकृत भएपश्चात नगरपालिकाले अनुसूची-६ बमोजिमको ढाँचामा सूचीकृत संस्थालाई सूचीकरणको पत्र उपलब्ध गराउनेछ ।

**स्पष्टीकरणः**- सम्बन्धित नगरपालिकामा कार्यरत बालगृह, अस्थायी संरक्षण सेवा प्रदायक संस्था वा बालगृह संघ वा प्रदेशमा सूचीकृत भएको भए सोही पत्रको प्रतिलिपि राखी नगरपालिकाले सोझै सूचीकृत गर्न सक्नेछ ।

27. <u>बाल संरक्षण सेवाको सूची वार्षिक अद्यावधिक गरिनेः</u>- (१) दफा २६ बमोजिम सूचीकृत भएका बाल संरक्षण सेवा प्रदायकहरुबाट प्रत्येक आर्थिक वर्षको असार ३० गतेसम्ममा आगामी आर्थिक वर्षको लागि नगरपालिकामा सूचीकरण हुन चाहनेहरुबाट सूचीकरण अद्यावधिकका लागि परिपत्रमार्फत वा इमेलमार्फत वा सूचनामार्फत दफा २५ को उपदफा (२) बमोजिमको कागजात संलग्न गरी आवेदन माग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आवेदनको आधारमा यस कार्यविधिको दफा ३२ बमोजिमको अनुगमन टोलीले अनुगमन गरी सिफारिस सहितको अनुगमन प्रतिवेदन समिति समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अनुगमन प्रतिवेदनको सिफारिस र समितिको निर्णयको आधारमा नगरपालिकाले बाल संरक्षण संयन्त्रहरुको सूचीकरण अद्यावधिक गर्नेछ ।

28. <u>अस्थायी संरक्षण सेवाको लागि अनुदान उपलब्ध गराउन सक्नेः</u>- (१) दफा २६ बमोजिम सूचीकृत भएका अस्थायी संरक्षण सेवा प्रदायक संस्थासँग नगरपालिकाले वार्षिक कार्यसम्पादन सम्झौता गरी नगरपालिकाले उद्धार गरी अस्थायी संरक्षण लगायतको संरक्षण सेवाको लागि सिफारिस गरिएका बालबालिकालाई नियमावलीको नियम ६८ को उपनियम (३) बमोजिमको सेवा प्रदानका लागि प्रति बालबालिका प्रति महिना प्रमाणित हाजिरीको आधारमा रु. ५ हजार उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान उपलब्ध गराउँदा नगरपालिकाले त्यस्ता सेवा प्रदायक संस्थाले प्राप्त गर्ने अनुदानमा संघ वा प्रदेशबाट समेत अनुदान प्राप्त भए नभएको सम्बन्धमा दोहोरोपना नभएको एकीन गर्नुपर्नेछ ।

29. <u>समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण र नियुक्ति गर्नेः-</u> (१) समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण र नियुक्ति ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ ।

(२) नियमावलीको नियम ८३ बमोजिम नियुक्त समाजसेवी तथा बालमनोविज्ञको सेवाको शर्त देहाय बमोजिम हुनेछः-

(क) अधिकारबाट वञ्चित भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बाबुआमा र परिवारको स्थिति, हेरचाह तथा पालनपोषणको वर्तमान अवस्था र सम्भाव्य स्थितिको आधारमा बालबालिकाको उचित सहायता र व्यवस्थापनका लागि प्रतिवेदन पेश गर्ने,

(ख) बालबालिकालाई प्रदान गर्नुपर्ने संरक्षण सेवा प्रवाहमा उच्चतम हित लेखाजोखा सम्बन्धी प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारी समक्ष पेश गर्ने,

(ग) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाहको प्रवन्ध गर्ने क्रममा इच्छुक परिवारका सदस्य वा नातेदार तथा व्यक्तिको लेखाजोखा गरी सामाजिक लेखाजोखा प्रतिवेदन पेश गर्ने

(घ) बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थापनको क्रममा बालबालिकाको सर्वोत्तम हित हुनेगरी बाल कल्याण अधिकारीलाई राय/परामर्श उपलब्ध गराउने,

(ङ) बालबालिकाको पारिवारिक पुनर्मिलन गराउने क्रममा पारिवारिक लेखाजोखा सम्बन्धी प्रतिवेदन उपलब्ध गराउने

(च) नगरपालिकाले तोकेका अन्य कार्यहरु सम्पादन गर्ने

(३) नगरपालिकाले नियुक्त गरिएको समाजसेवी तथा बालमनोविज्ञलाई उपदफा (२) बमोजिमको कार्यसम्पादनका लागि घटनाको प्रकृति तथा घटना व्यवस्थापन गर्न लाग्ने अनुमानित

समयको आधारमा प्रति घटना रु. ५ हजार देखि १० हजार सम्म समितिले निर्णय गरी उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम उपलब्ध गराउने सेवा शुल्क कहिले-कहिले उपलब्ध गराउने वा कस्तो अवस्थामा उपलब्ध नगराउने भन्ने सम्बन्धी व्यवस्था स्थानीय बाल अधिकार समितिले निर्णय गरेबमोजिम हुनेछ ।

**30.** <u>बाल हेल्पलाइन सेवा (१०९८) सँग समन्वय र सहकार्य गरिनेः-</u> (१) बालबालिका विरुद्धको हिंसाबाट पीडित तथा प्रभावित भएका र जोखिममा परेका बालबालिकाको उद्धार, अस्थायी संरक्षण, मनोविमर्श तथा कानूनी सहयोगका लागि गाउँपालिकाले बाल हेल्पलाइन सेवा (१०९८) सँग समन्वय र सहकार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाल हेल्पलाइन सेवासँग समन्वय र सहकार्यका लागि बाल अधिकार समितिले सूचना पाटी वा वेवसाइट वा परिपत्रमार्फत बाल हेल्पलाइन सेवा सञ्चालन अनुमति प्राप्त संस्थाबाट सहकार्यका लागि देहायका कागजातहरु संलग्न गरी सूचनामार्फत आवेदन माग गर्न सक्नेछः-

(क) सहकार्यका लागि निवेदन

(ख) परिषदबाट जारी भएको बाल हेल्पलाइन सेवा सञ्चालन अनुमतिपत्रको प्रतिलिपी

(ग) संस्था दर्ता र नवीकरणको प्रमाणपत्रको प्रतिलिपि

(घ) गत दुई आ.व. को लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

(३) उपदफा (२) बमोजिमको सूचना जारी गर्दा आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम निर्माण प्रकृया शुरु हुनुभन्दा पहिले नै ३५ दिनको म्याद दिई सूचना जारी गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्राप्त आवेदनको आधारमा नगरपालिकाले बाल हेल्पलाइन सेवाको सबलीकरणका लागि वार्षिक कार्यक्रम तथा वजेटको व्यवस्था गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यवस्था गरिएको कार्यक्रम तथा वजेटमार्फत बाल हेल्पलाइन सेवा सञ्चालक संस्थासँग वार्षिक कार्यसम्पादन सम्झौता गरी नगरपालिकाले उद्धार गरेका उपदफा (१) मा उल्लेख भए बमोजिमका बालबालिकाको अस्थायी संरक्षण लगायतको संरक्षण सेवाको व्यवस्थापन लगायत देहायका प्रयोजनका लागि प्रति बालबालिका प्रति महिना प्रमाणित हाजिरीको आधारमा नगरपालिकाले रु. ८ हजार उपलब्ध गराउन सक्नेछः-

(क) खाद्यान्न, औषधी उपचार, ग्याँस

(ख) तत्काल राहत सहयोग

(ग) मनोविमर्श सेवा

(घ) कानूनी परामर्श सेवा

(ङ) लत्ता कपडा, सिरक, डस्ना

(च) घरभाडा

(छ) बालबालिकाको पारिपारिक पुनर्मिलन तथा लेखाजोखाको क्रममा लाग्ने दैनिक भ्रमण तथा यातायात खर्च

31. <u>बालबालिका खोजतलास सेवा (१०४) सँग समन्वय र सहकार्य गरिनेः</u>-(१) हराएका, वेवारिसे फेला परेका, बेचविखन तथा ओसारपसारमा परेका, सडकमा आश्रित तथा जोखिमपूर्ण कार्यमा संलग्न बालबालिकाको खोजी, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यका लागि समितिले बालबालिका खोजतलास सेवा (१०४) सँग समन्वय र सहकार्य गर्नेछ ।

(२) बालबालिका खोजतलास सेवा (१०४) को प्रभावकारिता अभिवृद्धिका लागि वार्षिक कार्यक्रममार्फत सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद-६

## <u>बाल संरक्षण सेवाको अनुगमन</u>

32. <u>अनुगमन टोली गठन गरिनेः</u> (१) नगरपालिकामा संरक्षण सेवा प्रदान गरिरहेका बाल संरक्षण संयन्त्र तथा सेवा प्रवाहको अवस्था अनुगमनका लागि बाल अधिकार समिति अन्तर्गत रहनेगरी देहाय बमोजिमको तीन सदस्यीय अनुगमन टोली रहनेछः-

(क) बालअधिकार समितिको संयोजकले तोकेको बाल अधिकार समितिको सदस्य -संयोजक

(ख) बालकल्याण अधिकारी - सदस्य

(ग) नगरपालिकामा सूचीकृत समाजसेवी वा बालमनोविज्ञ - सदस्य

(२) उपदफा (१) बमोजिमको अनुगमन टोलीमा आवश्यकता अनुसार घटनाको प्रकृति एवम् गाम्भीर्यताका आधारमा विषय विज्ञ एक जनालाई समितिको संयोजकको अनुमति लिई सामेल गराउन सक्नेछ ।

33. <u>अनुगमन गर्ने अवधि र समयः-</u> (१) अनुगमन टोलीले अनुगमन योजना बनाई नियमित रुपमा नगरपालिकाभित्र सञ्चालनमा रहेका बाल संरक्षण संयन्त्रहरुको अनुगमन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन योजना बनाउँदा यस कार्यविधिको परिच्छेद-५ बमोजिम सूचीकृत भएका संयन्त्रहरुको एक आर्थिक वर्षमा कम्तिमा तीन पटक अनुगमन गर्नेगरी बढीमा ४ महिनाभित्रमा एक चरणको अनुगमन सम्पन्न गर्ने गरी बनाउनुपर्नेछ ।

तर कुनै विशेष परिस्थिति वा उजुरी वा सूचनाका आधारमा आवश्यकता अनुसार तत्काल जुनसुकै अवधि र समयमा अनुगमन टोलीले अनुगमन गर्न सक्नेछ ।

(३) बाल संरक्षण संयन्त्रहरुको अनुगमन गर्दा सकेसम्म विहान वा बेलुकीको समयमा गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको समयमा अनुगमन गर्न सम्भव नभएमा सेवा प्रदायक संस्था र संरक्षण सेवा लिइरहेका बालबालिकासँग भेट हुनेगरी समय मिलाई अनुगमन गर्नुपर्नेछ ।

34. <u>अनुगमन गरिने बाल संरक्षण संयन्त्र तथा सेवाहरुः-</u> (१) अनुगमन टोलीले देहायको बाल संरक्षण संयन्त्रहरुमा रहेका बालबालिका र मापदण्डको कार्यान्वयन सम्बन्धी अवस्थाको अनुगमन गर्नेछः-

(क) वैकल्पिक हेरचाह सेवा प्रदान गरिरहेका बालबालिकाको आफन्त वा नातेदार र नगरपालिकामा सूचीकृत व्यक्ति वा परिवार,

(ख) नगरपालिकामा सूचीकृत परिवारमा आधारित हेरचाह गर्ने संस्था तथा बालगृह

(ग) नगरपालिकामा सूचीकृत अस्थायी संरक्षण सेवा

(घ) नगरपालिकासँग सहकार्यरत बाल हेल्पलाइन सेवा (१०९८)

(२) उपदफा (१) मा उल्लेखित संयन्त्रहरुमा संरक्षणमा रहेका बालबालिका बाहेक बालसुधारगृह भित्र सञ्चालनमा रहेको विद्यालय सहित गाउँपालिकाभित्र सेवा प्रदान गर्ने विद्यालय, स्वास्थ्य संस्था लगायतका संयन्त्रहरुबाट प्रवाह भएको सेवाहरु बालमैत्री रहेको वा नरहेको अनुगमन अनुगमन टोलीले गर्नुपर्नेछ ।

35. <u>अनुगमनका लागि पूर्व सूचना दिनुपर्नेः-</u> (१) दफा ३० बमोजिमको बाल संरक्षण सेवाहरुको अनुगमन गर्दा अनुगमन पूर्व सम्बन्धित सेवा प्रदायकहरुलाई अनुगमन गरिने मिति र समयको बारेमा कुनै पनि सञ्चारमाध्यमबाट पूर्व सूचना दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुगमन टोलीले कुनै उजुरी वा सूचनाको आधारमा जानकारी नदिइ नै आकस्मिक अनुगमन गर्न सक्नेछ ।

36. <u>अनुगमन गरिने मुख्य विषयहरुः-</u> (१) यस कार्यविधिको दफा ३४ उपदफा (१) को खण्ड (क) बमोजिमको वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अवस्था अनुगमन गर्दा देहाय बमोजिमको विषयहरुको अनुगमन गर्नुपर्नेछः-

(क) बालबालिकासँग पारिवारिक सदस्यहरुको व्यवहार

(ख) बालबालिकाको मनोसामाजिक सहित स्वास्थ्य अवस्था

(ग) बालबालिकाको संरक्षणको अवस्था

(घ) पारिवारिक वातावरण सौहार्द रहे-नरहेको

(ङ) पारिवारिक आर्थिक अवस्था

(च) बालबालिकाको शैक्षिक अवस्था

(छ) बालबालिका खुसी रहे नरहेको

(ज) अनुगमन टोलीले आवश्यक ठानेका अन्य आवश्यक विषयहरु

(२) यस कार्यविधिको दफा ३४ उपदफा (१) को खण्ड (ख) बमोजिमको वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अवस्था तथा संस्थाको मापदण्ड अनुगमन गर्दा देहाय बमोजिमको विषयहरुको अनुगमन गर्नुपर्नेछः-

(क) नियमावलीको नियम ६४ तथा परिषदबाट जारी भएको बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ अनुसारको देहाय बमोजिमको मापदण्ड पुरा गरे-नगरेको,

१. भौतिक पूर्वाधार तथा संरचना सम्बन्धी मापदण्ड
२. आवश्यक जनशक्तिको व्यवस्था सम्बन्धी मापदण्ड
३. आर्थिक स्रोतको व्यवस्था सम्बन्धी मापदण्ड
४. बालबालिकाको भर्ना प्रक्रिया सम्बन्धी मापदण्ड
५. बालबालिकाको भोजन तथा पोषण सम्बन्धी मापदण्ड
६. बालबालिकाको स्वास्थ्य र सरसफाइ सम्बन्धी मापदण्ड
७. शिक्षा, तालीम र अतिरिक्त क्रियाकलाप सम्बन्धी मापदण्ड
८. बाल संरक्षण, बालमैत्री वातावरण र आत्मसम्मानको सुनिश्चितता सम्बन्धी मापदण्ड
९. बाल क्लब गठन, सञ्चालन र बाल सहभागिता सम्बन्धी मापदण्ड

(ख) संरक्षणमा रहेका बालबालिका ऐनको दफा ४९ बमोजिमको वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका रहे-नरहेको

(३) यस कार्यविधिको दफा ३४ उपदफा (१) को खण्ड (ग) बमोजिमको अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको अवस्था तथा संस्थाको मापदण्ड अनुगमन गर्दा देहाय बमोजिमको विषयहरुको अनुगमन गर्नुपर्नेछः-

(क) नियमावलीको नियम ६८ को उपदफा (३) बमोजिमको सेवाहरुमध्ये बालबालिकाको घटनाको प्रकृति र समाजसेवी तथा बालमनोविज्ञको प्रतिवेदनले अस्थायी संरक्षण सेवा प्रवन्ध गर्ने क्रममा सिफारिस गरेका आवश्यकता अनुसारका सेवाहरु बालबालिकाले प्राप्त गरे नगरेको

(ख) परिषदबाट जारी भएको बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ अनुसारको बालमैत्री भौतिक पुर्वाधार, जनशक्तिको व्यवस्था, आर्थिक स्रोतको व्यवस्था, बालबालिकाको भर्ना प्रकृया सम्बन्धी विषयहरु

(४) अनुगमन गर्दा संरक्षणमा रहेका बालबालिकाको जन्मदर्ता वा नागरिकता भए नभएको र नभएको भएमा सो को लागि सहजीकरण गरे नगरेको, बालबालिकाको व्यक्तिगत घटना फाइलहरु छुट्टा छुट्टै राखी व्यवस्थित अभिलेखीकरण गरे नगरेको विषय अनिवार्य समावेश गर्नुपर्नेछ ।

**37.** <u>विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अवस्था अनुगमनः-</u> (१) अनुगमन टोलीले कार्य योजना बनाई गाउँपालिकामा रहेका वैकल्पिक हेरचाहको आवश्यकता नभएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको अवस्थाको बारेमा अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बालबालिकाको अनुगमन गर्दा बालबालिकाले उचित संरक्षण नपाएको देखिएमा देहाय बमोजिमको सेवाहरुको सुनिश्चितताका लागि समितिले सहजीकरण गर्नेछः-

(क) प्रचलित कानून बमोजिम सामाजिक सुरक्षाको दायरामा पर्ने बालबालिकाको सामाजिक सुरक्षाको व्यवस्था

(ख) पारिवारिक परामर्श तथा सहयोग गर्नुपर्ने बालबालिकाको लागि सो को व्यवस्था

(ग) पहिचानको अधिकारबाट वञ्चित भएका बालबालिकाको अधिकार कार्यान्वयनको लागि सहयोग

(घ) अनुगमनका क्रममा तत्काल उद्धार गर्नुपर्ने अवस्था देखिएमा स्थानीय प्रहरीसँगको सहकार्यमा उद्धार गरी अस्थायी संरक्षण सम्बन्धी व्यवस्था

(घ) अनुगमन टोलीले पहिचान गरेका अन्य सहयोगको व्यवस्था

**38.** <u>बाल हेल्पलाइन सेवा (१०९८) को अनुगमनः-</u> (१) अनुगमन टोलीले यस कार्यविधि बमोजिम सहकार्यमा रहेको बाल हेल्पलाइन सेवा (१०९८) को अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन गर्दा मन्त्रालयबाट स्वीकृत भई जारी भएको बाल हेल्पलाइन सञ्चालनसँग सम्बन्धित कार्यविधिमा उल्लेख भएको सेवाको शर्त र मापदण्ड अनुसार सञ्चालनमा रहे-नरहेको र यस कार्यविधिको दफा २८ बमोजिमको गाउँपालिकासँगको वार्षिक कार्यसम्पादन सम्झौता अनुसार कार्यसम्पादन गरे नगरेको अनुगमन आवश्यकता अनुसार अनुगमन टोलीले गर्नेछ ।

**39.** <u>दिशान्तर प्रक्रियामा रहेका बालबालिकाको सुधारको अवस्था अनुगमनः-</u> (१) अनुगमन टोलीले ऐनको दफा २९ को उपदफा (१) को खण्ड (च) बमोजिम बालकल्याण अधिकारीको सुपरीवेक्षण र निर्देशनमा रहने गरी दिशान्तर गर्दा छाडिएका बालबालिकाको सुधार सम्बन्धी देहायका विषयहरुको प्रत्येक चार चार महिनाको तुलनात्मक अवस्था अनुगमन गर्नेछः-

(क) मनोसामाजिक लगायत स्वास्थ्यको अवस्था

(ख) व्यवहार

(ग) कम्तिमा विगत तीन महिनाको दैनिक कार्यतालिका

(घ) खानपान

(ङ) औपचारिक वा अनौपचारिक शिक्षाको अवस्था

(च) सीपमूलक तालिम

(छ) बालबलिकाको भावी योजना

(२) उपदफा (१) बमोजिमको तुलनात्मक अनुगमनको अवस्थाको आधारमा नगरपालिकाभित्र दिशान्तर प्रकृया अन्तर्गत पुनःस्थापनाका लागि छाडिएका बालबालिकाको व्यवहार र सुधारको अवस्थाको सम्बन्धी प्रतिवेदन अनुगमन टोलीले गाउँ बाल अधिकार समिति समक्ष पेश गर्नेछ ।

**40.** <u>अनुगमन टोलीले पालना गर्नुपर्ने आचारसंहिताः-</u> (१) समितिले दफा ३२ बमोजिम अनुगमन टोली गठन गर्दा अनुगमन टोलीले पालना गर्नुपर्ने आचारसंहिता समेत स्वीकृत गरी लागू गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको न्यूनतम आचारसंहिता देहाय बमोजिमको हुनेछः-

(क) बालबालिकालाई बालसंवेदनशील प्रक्रिया र व्यवहार (बोली, व्यवहार, शैली र विधिहरू) अपनाउने ।

(ख) बालबालिकासँग कुराकानी गर्दा के विषयमा कुरा गर्न लागेको हो सो को जानकारी गराउने तथा सहमती लिने ।

(ग) बालबालिकालाई त्रास, भय, मानसिक तथा शारीरिक पीडा रहित वातावरणको सूनिश्चितता गर्ने ।

(घ) अनुगमनका क्रममा देखिएका वा संकलन गरिएका कानुनी प्रमाण र सम्बन्धीत तथ्यलाई सुरक्षित राख्ने।

(ङ) सानो उमेरका, शारीरिक तथा मानसिक अपाङ्गता भएका, बिरामी र घाइते अवस्थाका बालबालिकासँग छलफल गर्दा उनीहरूको विशेष र थप संवेदनशीलतालाई ख्याल गर्नुपर्ने ।

(च) बालबालिकाको गोपनीयता कायम गर्न उच्च सर्तकता अपनाउने,

(छ) अनुगमनको क्रममा सञ्चार माध्ययमहरुमा आउने वा आउनसक्ने समाचारहरुमा बालसंवेदनशीलताको सूनिश्चित गर्न विशेष ध्यान दिने ।

(ज) अनुगमनसँग सम्बन्धीत आवश्यक प्रमाणहरुको लागि बालबालिका तथा संरक्षकको सहमतिमा फोटो, भिडियोहरु खिचेर सुरक्षित गर्ने ।

(झ) अनुगमनको क्रममा बालबालिकालाई कुटपिट, गाली, दुर्व्यवहार वा असहज हुने कुनै पनि कार्य नगर्ने ।

(ञ) बालबालिकासँग यौनजन्य शव्दको प्रयोग, इसारा, वार्तालाप वा क्रियाकलाप नगर्ने ।

(ट) बालबालिकाको इच्छा विपरीत हात मिलाउने, उनीहरूलाई छुने लगायतका व्यवहार वा कार्य नगर्ने ।

(ठ) बालबालिकासँग तोकिएको सुरक्षित स्थान बाहेक अनुगमनको क्रममा एक्ला-एक्लै भेटघाट गर्ने तथा एकान्तमा नबस्ने ।

(ड) कुनै पनि परिस्थितिमा बालबालिकाको सम्पत्ति, पारिवारिक अवस्था, चरित्र, निज बालबालिका वैकल्पिक स्याहारमा आउनु पर्नाका कारण र निजलाई हिनताबोध वा ग्लानी हुने खालका विवरण कुनै पनि माध्यमबाट सार्वजनिक नगर्ने, नगराउने ।

(ढ) समितिले आवश्यक ठानेका अन्य विषयहरु

**41.** <u>अनुगमन खर्च व्यवस्थापनः</u>- (१) यस कार्यविधि बमोजिमको अनुगमन कार्यका लागि अनुगमनकर्ताको भ्रमण भत्ता, खाना, खाजा र यातायात खर्चको व्यवस्थापन नगरपालिकाको वार्षिक कार्यक्रममार्फत गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको वजेट विनियोजन नभएमा वा वजेट अपर्याप्त भएमा ऐनको दफा ६३ बमोजिम नगरपालिकामा स्थापना भएको बालकोषबाट समितिको सिफारिसमा नगरपालिकाले यस सम्बन्धी खर्चको व्यवस्थापन गर्न सक्नेछ ।

**42.** <u>अनुगमन कार्य प्रकृयाः-</u> (१) नगर बाल अधिकार समिति वा अनुगमन टोलीले यस कार्यविधि बमोजिमको अनुगमन कार्य गर्दा देहाय बमोजिमको प्रकृयामार्फत अनुगमन गर्न सक्नेछः

(क) सम्बन्धित संयन्त्रहरुबाट प्राप्त आवधिक प्रतिवेदन अध्ययन (मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक)

(ख) सूचना प्रणाली

(ग) प्रत्यक्ष अनुगमन भ्रमण

(घ) सञ्चार मार्फत अनुगमन

(२) प्रत्यक्ष भ्रमण गरी अनुगमन कार्य गर्दा सम्बन्धित भौतिक संरचनाको निरीक्षण, सेवा प्रदायक व्यक्ति वा संस्थाका सञ्चालकहरुसँगको छलफल, बालबालिकासँगको प्रत्यक्ष कुराकानी, छिमेकी वा समाजसेवीसँगको छलफल लगायतका प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

**43.** <u>अनुगमन प्रतिवेदन र कारवाहीः</u> (१) यस कार्यविधि बमोजिम अनुगमन गरिएका बाल संरक्षण सेवाहरुको अनुगमन टोलीले अनुसूची-७ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन निर्माण गरी प्रतिवेदनमा अनुगमन टोलीका सबै सदस्यहरुले हस्ताक्षर गरी समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) प्रतिवेदन निर्माणका लागि बाल संरक्षण सेवाहरुको अनुगमन गर्दा अनुसूची-८ बमोजिमको अनुगमन चेकलिस्टमा अनुगमन गर्दाका बखत नै विवरणहरु अभिलेखीकरण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन अध्ययन गरी समितिले प्रतिवेदनले सुझाएका विषयहरुको सम्बोधन गर्नेछ ।

(४) प्रतिवेदनमा परिवारमा आधारित संस्था वा बालगृह वा अस्थायी संरक्षण सेवा वा बाल हेल्पलाइन सेवाले मापदण्ड पुरा नगरेको पाइएमा बढीमा २ महिनासम्मको अवधि दिई मापदण्ड पुरा गर्नका लागि समितिले निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको निर्देशन पालना भए नभएको विषयको अनुगमनका लागि तोकिएको अवधि सम्पन्न भए पश्चात अनुमन टोली वा नगर बाल अधिकार समिति आफैंले अनुगमन गर्न सक्नेछ र उक्त अवधिमा समेत निर्देशन पालना नभएको पाइएमा त्यस्ता बाल संरक्षण सेवा प्रदायकहरुको सञ्चालन अनुमति खारेजीका लागि देहाय बमोजिमको कागजातहरु संलग्न गरी परिषदमा सिफारिस गर्नेछः

(क) सञ्चालन अनुमति खारेजीका लागि सिफारिस पत्र

(ख) बाल अधिकार समितिको निर्णयको प्रतिलिपि

(ग) अनुगमन प्रतिवेदन

(६) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदनका आधारमा बाल संरक्षण सेवा प्रदायकमा बालबालिका विरुद्धको कसूर भएको पाइएमा अनुगमन प्रतिवेदनले गरेको सिफारिस समेतका आधारमा त्यस्ता व्यक्ति वा संस्थालाई कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा समितिले उजुरी दिन सक्नेछ ।

(७) यस दफा बमोजिमको अनुगमन प्रतिवेदनहरुको आधारमा वैकल्पिक हेरचाहमा भएका रहेका बालबालिकाको संरक्षण, हेरचाह, शिक्षा तथा स्वास्थ्यको अवस्था लगायतको विषयहरु समावेश भएको एकिकृत प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारीले प्रत्येक चार चार महिनामा बाल अधिकार समिति, प्रदेश बाल अधिकार समिति, परिषद् तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम बाल अधिकार समितिले प्राप्त गरेको एकिकृत प्रतिवेदनका आधारमा कुनै बालबालिकाले वैकल्पिक स्याहार प्रदायकबाट उचित संरक्षण नपाएको देखिएमा नियमावलीको नियम ६१ बमोजिम सम्बन्धित व्यक्ति वा संस्थालाई कारवाहीका लागि वा संरक्षक परिवर्तनका लागि सम्बन्धित निकायमा निवेदन दिनेछ ।

## परिच्छेद-७

## बाल कोष सम्बन्धी व्यवस्था

**44.** <u>बालकोषको स्थापनाः</u>- (१) नगरपालिका क्षेत्रभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण सेवा, स्वास्थ्य उपचार, शैक्षिक प्रवन्ध, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना समेत गराउने कामका लागि एक ऐनको दफा ६३ बमोजिमको बाल कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) संघ, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाले कोषको लागि विनियोजन गरेको रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) स्वदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) न्यायिक समितिबाट बालबालिका विरूद्ध हिंसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) दफा (२) को खण्ड (ग) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) कोषको रकम देहायका कामको लागि उपयोग गरिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न, गराउन,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार गर्न,

(ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षण गर्न वा अस्थायी संरक्षण सेवाको प्रवन्ध गर्न,

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको शैक्षिक प्रवन्ध, स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न, गराउन,

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवारको खोजी गर्न, परिवार सुदृढीकरण गर्न, बालबालिकालाई परिवारमा पुनर्मिलन तथा पुनःस्थापना गर्न, गराउन,

(च) यस कार्यविधिको परिच्छेद-६ बमोजिमको बाल संरक्षण सेवाको अनुगमन सम्बन्धी कार्य गर्न

(छ) अदालतको आदेशानुसार गाउपालिका भित्रका बालबालिकालाई क्षतिपूर्ति दिन

(ज) खण्ड (क) देखि (छ) मा उल्लेखित कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न, गराउन ।

(५) समितिको बैठक भत्ता, खाजा, भ्रमण, मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने छैन ।

तर उपदफा ४ बमोजिमको कार्य सम्पादन गर्न लाग्ने यातायातको प्रयोग लगायतका अत्यावश्यकीय कार्यमा रकम खर्च गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

**45.** <u>बाल कोष सञ्चालक समितिः</u> (१) बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक नगरपालिका स्तरमा एक बाल कोष सञ्चालक समिति रहनेछः-

(क) नगर बाल अधिकार समितिका अध्यक्ष - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) लेखा प्रमुख - सदस्य
(घ) नगर बाल अधिकार समितिका सदस्यमध्ये समितिले तोकेको १ जना -सदस्य
(ङ) सामाजिक विकास समितिका संयोजक -सदस्य
(च) नगरपालिका भित्र बाल अधिकारको क्षेत्रमा कार्यरत सामाजिक संस्थाबाट संयोजकबाट मनोनित व्यक्ति १ जना -सदस्य
(छ) बाल कल्याण अधिकारी - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको बाल कोष सञ्चालक समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजको पुनः मनोनयन हुन सक्नेछ ।

**46.** <u>बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः</u> (१) बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापन गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक क्रियाकलापहरु सञ्चालन गर्ने,
(ख) कोषको रकमको संरक्षण गर्ने
(ग) कोष बृद्धिको लागि स्रोतको खोजी गर्ने, आवश्यक रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने,
(घ) सहयोगको आवश्यकता भएका बालबालिकालाई दफा ४४ को उपदफा (४) बमोजिमको बाल कोषको प्रयोग र दफा ४८ बमोजिमको खर्चको सीमाको आधारमा सहयोग गर्ने ।

(ङ) बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुकसंघसंस्था वा व्यक्तिसँग समन्वय गर्ने ।

(च) बाल कोष सञ्चालक समितिबाट गरिने क्रियाकलापको अनुगमन गर्ने वा गराउने

(छ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको निम्ति बाल कोष सञ्चालक समितिले आवश्यक ठानेको अन्य उपयुक्त कार्य गर्ने, गराउने ।

(२) आफ्नो काम, कर्तव्य तथा अधिकारको परिपालना गर्दा बाल कोष सञ्चालक समितिले नगरपालिकाको नगर बालअधिकार समिति, वडा बालअधिकार समिति एवं बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक सङ्घसंस्था वा व्यक्तिसँग समन्वय एवं सहकार्य गर्न सक्नेछ ।

**47.** <u>बाल कोष सञ्चालक समितिको बैठकः</u> (१) बाल कोष सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) बाल कोष सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) बाल कोष सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगाडि समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनुपर्नेछ ।

(४) बाल कोष सञ्चालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बाल कोष सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

तर, कुनै कारणवश अध्यक्ष उपस्थित हुन नसकेमा बाल कोष सञ्चालक समितिका जेष्ठ सदस्यले बाल कोष सञ्चालक समितिको अध्यक्षता गर्नेछ ।

(६) बाल कोष सञ्चालक समितिले सर्वसम्मतिका आधारमा निर्णय गर्नेछ र सर्वसम्मत नभएमा बहुमतको निर्णयलाई बाल कोष सञ्चालक समितिको निर्णय मानिनेछ ।

तर सदस्यहरूको मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) बैठकमा आमन्त्रित व्यक्ति वा विशेषज्ञको मताधिकार हुनेछैन ।

(८) बाल कोष सञ्चालक समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नुपर्नेछ ।

(९) बाल कोष सञ्चालक समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**48. <u>बालकोष परिचालन सम्बन्धी मापदण्डः</u>**

(१) नगरपालिकाभित्र विशेष संरक्षणको आवश्यकता भएका सहयोग गर्नुपर्ने बालबालिकाको बारेमा थाहा पाउने जो कोहीले वडा बालअधिकार समिति वा नगर बाल अधिकार समितिमा निवेदन दिन वा मौखिक रुपमा जानकारी गराउन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपछि वडा बालअधिकार समितिले बुझि आवश्यक सहयोगको लागि सबै पक्ष स्पष्ट खुलाई नगर बालअधिकार समिति समक्ष सिफारिस गरी पठाउनु पर्नेछ।

(३) बालबालिकालाई कुन किसिमको सहयोगको आवश्यकता खर्चको सीमाको आधारमा रही समितिको निर्णय अनुसार बालकोष समितिले निर्णय तथा कार्यान्वयन गर्नेछ। ।

**49. <u>बाल कोष रकमको खर्च सीमाः</u>** (१) बाल कोषको रकम देहायको अवस्था र सीमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि वार्षिक एक पटक अधिकतम रू.१२ हजारसम्म,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण सहित मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च वापत सूचीकृत अस्थायी संरक्षण सेवा प्रदायक संस्थासँग कार्यसम्पादन सम्झौता गरी प्रति बालबालिका प्रति महिना मासिक रू. ८ हजारसम्म,

(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण वापत वार्षिक एक पटक अधिकतम प्रति बालबालिका रू. १० हजारसम्म,

(घ) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम,

(ङ) गम्भीर प्रकृतिको रोग लागेका बालबालिकाको उपचारका लागि बालकोष सञ्चालक समितिको निर्णयले अधिक्तम रु. १५००० हजारसम्म,

(२) सहयोग रकम नगद वा जिन्सीका रुपमा दिन सकिनेछ र नगद सहयोग गर्दा चेक वा खाता मार्फत सहयोग रकम भुक्तानी गरिनेछ ।

(३) बालकोषबाट सामान्यतः एक बालक वा बालिका वा उनको परिवारलाई एकपटक मात्र सहयोग गरिनेछ । तर, विशेष परिस्थितिमा भने समितिको निर्णयले थप दुई पटकसम्म सहयोग गर्न सकिनेछ ।

(४) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्दार, संरक्षण वा उपचार नगरेमा मानवीय क्षति वा गम्भीर परिणाम हुने देखिएमा र तत्काल बालकोष समिति वा वैठक बस्न सम्भव नभएमा उपलब्ध समितिका सदस्यहरु मध्ये दुईजनासँग परामर्श गरी निजहरूको

सिफारिसमा अध्यक्षले कोषबाट तत्काल सम्बन्धित बालबालिकाको निमित्त रु. १०,०००।- दश हजारसम्म सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कोषबाट रकम उपलब्ध गराइएकोमा त्यसपछि लगत्तै बस्ने समितिको बैठकबाट सो खर्चको अनुमोदन गराउनुपर्नेछ ।

(६) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएता पनि गम्भीर स्वास्थ्य समस्या भएका बालबालिकाको स्वास्थ्य उपचारको लागि अन्यत्रबाट व्यवस्थापन हुन नसक्ने देखिएमा र पारिवारिक आर्थिक पृष्ठभूमी कमजोर रहेको वा वेवारिसे बालबालिका रहेको पाइएमा तथा सहयोगबाट वञ्चित हुँदा बालबालिकाको जिवन नै जोखिममा पर्ने अवस्था रहेको देखिएमा बालकोष सञ्चालक समितिले बालबालिका उपचाररत रहेको सरकारी अस्पतालको कागजात र विल भरपाईको आधारमा सम्पूर्ण वास्तिविक खर्च नै उपलब्ध गराउन सक्नेछ ।

(८) बालकोष सञ्चालक समितिले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, शैक्षिक प्रवन्ध, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलनका निमित्त आर्थिक सहयोग बाहेकका अन्य कार्यका निमित्त बालकोष परिचालन गर्न सक्ने छैन ।

**50.** <u>खाताको सञ्चालनः-</u>(१) बालकोषको रकम कोष तथा लेखा नियन्त्रण कार्यालयको विविध खाता अन्तर्गत कार्यक्रमिक खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**51.** <u>कोषको लेखा र लेखा परीक्षणः</u>- (१) बालकोषको आयव्ययको लेखा नगरपालिकाले अपनाएको प्रचलित कानून बमोजिम दुरुस्त राखिनेछ ।

**52.** <u>रकम फ्रिज नहुनेः-</u> प्रचलित कानूनमा जेसुकै लेखिएको भएता पनि बाल कोषको रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च नभई बाँकी रहेमा बक्यौता रकम फ्रिज हुनेछैन ।

**53.** <u>प्रतिवेदन प्रकाशन गर्नुपर्नेः-</u> (१) बाल कोष सञ्चालक समितिले आफूले गरेको कामको प्रतिवेदन अर्धवार्षिक रूपमा नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनहरुको आधारमा नगर कार्यपालिकाले वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

**54.** <u>बालकोषको सचिवालयः</u>- (१) बाल कोषको सचिवालय नगर कार्यपालिकाको महिला बालबालिका शाखा वा नगर बाल अधिकार समितिको सचिवालयमा रहनेछ ।

## परिच्छेद-८

## बालबालिकाको तथ्याङ्क व्यवस्थापन तथा स्थिती प्रतिवेदन

55. बालबालिकाको खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरिनेः (१) नगरपालिकाले आफ्नो नगरपालिका भित्र रहेका बाल अधिकार तथा बालबालिका सम्बन्धी विषयमा देहाय बमोजिमको खण्डिकृत सूचना संकलन तथा व्यवस्थापन गर्नेछः-

(क) बाल अधिकारको कार्यान्वयनका लागि कानूनी तथा नीतिगत व्यवस्थाहरुको सूचना संकलन

(ख) बाल अधिकार संरक्षण सम्बन्धी संयन्त्रहरुको सूचना

(ग) चालु आ.व.को बजेट बक्तव्यमा बालबालिकाको लागि भएको व्यवस्था सम्बन्धी विवरण

(घ) बालबालिकाको खण्डिकृत जनसांखिक विवरण

(ङ) बालबालिकाको नागरिक अधिकार र स्वतन्त्रता सम्बन्धी विवरण

(च) बालबालिका बिरूद्धको हिंसा, दुर्व्यवहार सम्बन्धी विवरण

(छ) बालबालिकाको पारिवारिक संरक्षण सम्बन्धी विवरण

(ज) अपाङ्गता भएका बालबालिका सम्बन्धी विवरण

(झ) बाल स्वास्थ्य सम्बन्धी विवरण

(ञ) बालबालिकाको शिक्षा सम्बन्धी विवरण

(ट) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका सम्बन्धी विवरण (ऐनको दफा ४८ बमोजिमका)

(ठ) वैकल्पिक स्याहारमा रहेका बालबालिकाको विवरण

(ड) नगरपालिकामा रहेका बालगृह, पुनःस्थापना केन्द्र र अस्थायी संरक्षण सेवा केन्द्रहरु र आश्रित बालबालिकाको विवरण

(ढ) सडक बालबालिका सम्बन्धी विवरण

(ड) बालबालिका लक्षित लागु पदार्थ दुर्व्यसनी उपचार र पुनर्स्थापना केन्द्र तथा लाभान्वित बालबालिकाको विवरण

(ढ) बाल सुधार गृहमा रहेका बालबालिकाको विवरण

(ण) विपदबाट पीडित तथा प्रभावित बालबालिकाको विवरण

(२) उपदफा (१) बमोजिमको सूचना संकलन तथा व्यवस्थापनका लागि बाल कल्याण अधिकारीलाई जिम्मेवार बनाइनेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना संकलन तथा व्यवस्थापनका लागि नगरपालिकाको सम्बन्धित विषयगत शाखा तथा महाशाखा, नेपाल प्रहरी तथा परिषद् लगायतका सरोकारवालाहरुसँग समन्वय गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको सूचना तथा तथ्याङ्क व्यवस्थित अभिलेखीकरणका लागि बाल अधिकार सूचना व्यवस्थापन प्रणाली (CRIMS) को प्रयोग गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको तथ्याङ्कहरुको प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र र असार मसान्तभित्र गरी दुई पटक अद्यावधिक गरिनेछ ।

(६) बालकल्याण अधिकारीले यस दफा बमोजिम संकलन गरिएको तथ्याङ्कहरुको एकिकृत प्रतिवेदन प्रत्येक आर्थिक वर्षको अन्त्यमा समिति समक्ष पेश गर्नुपर्नेछ ।

**56.** <u>बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी तथ्याङ्क व्यवस्थापन गरिने:</u> (१) नगरपालिकामा आएका बाल संरक्षण सम्बन्धी घटनाहरुको सूचनाहरुको व्यवस्थित अभिलेखीकरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना संकलन तथा अभिलेखीकरणका लागि नगरपालिकाले पालिकाभित्र जोखिममा परेका बालबालिकाको पहिचान गर्न प्रत्येक वर्ष जोखिमताको लेखाजोखा गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जोखिमता लेखाजोखा गर्नको लागि सो सम्बन्धी टुल्सको प्रयोग गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिमको जोखिमताको स्तर निर्धारणको आधारमा गम्भीर र उच्च जोखिममा भएका बालबालिकालाई बाल संरक्षण घटना व्यवस्थापन प्रकृया मार्फत घटना व्यवस्थापन कार्य गर्नु बाल कल्याण अधिकारीको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिमका घटनाहरुको व्यवस्थापन प्रकृयालाई अनलाइन माध्यमबाट अभिलेखीकरण गर्नका लागि परिषद्ले निर्माण गरेको बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी सूचना प्रणाली (CPIMS) को प्रयोग गर्नुपर्नेछ ।

(७) नगरपालिकाका आएका बालसंरक्षण सम्बन्धी घटनाहरु बालकल्याण अधिकारीसमक्ष प्राप्त हुने वित्तिकै त्यस्ता बालबालिकाको घटना व्यवस्थापन प्रकृया सम्बन्धी देहाय बमोजिमका सूचनाहरुको अभिलेखीकरण गरिनेछः-

(क) बालबालिकाको व्यक्तिगत विवरण
(ख) बालबालिकाको पारिवारिक विवरण
(ग) घटना सम्बन्धी विवरण
(घ) बालबालिका तथा पारिवारिक लेखाजोखा सम्बन्धी विवरण
(ङ) बालबालिकालाई प्रदान गरिएको सेवा प्रवाह सम्बन्धी विवरण
(च) सहयोगका लागि सिफारिस गरिएका संयन्त्र तथा सेवाहरुको विवरण
(छ) समापन गरिएका घटनाहरुको विवरण

(४) उपदफा (७) बमोजिमको विवरणका आधारमा प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारीले प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाउँ बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

**57.** <u>बालबालिका सम्बन्धी गाउँपालिकामा स्थिति प्रतिवेदन प्रकासन गरिने:</u>- (१) दफा ६५ तथा दफा ६६ बमोजिम नगर बाल अधिकार समितिमा प्राप्त तथ्याङ्कहरुको आधारमा समितिले नगरपालिकामा बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी प्रतिवेदन प्रकासन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्रमा प्रकासन गर्नुपर्नेछ ।

58. <u>**बालबालिकाको जोखिमता मूल्याङ्कन गरिनेः**</u> (१) नगरपालिकाभित्रका बालबालिकाको विस्तृत अवस्था लेखाजोखा गरी जोखिममा रहेका बालबालिकाको पहिचानका लागि प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्रमा बालबलिकाको जोखिमता लेखाजोखा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखाजोखाका लागि गाउँ बाल अधिकार समितिले वडा बाल अधिकार समिति वा बालक्लब तथा सञ्जाल वा किशोरीक्लब तथा सञ्जाल वा सूचीकृत समाजसेवी वा बाल मनोविज्ञलाइ परिचालन गर्न सक्नेछ ।

(३) नगरपालिकाले जोखिमता मूल्याङ्कनका लागि परिषद्ले निर्धारण गरेको बालबालिकाको जोखिमता मूल्याङ्कनको सूचक तथा मार्गदर्शन बमोजिम पालिका भित्रका गम्भीर जोखिम, उच्च जोखिम, मध्ययम जोखिम वा न्यून जोखिममा रहेका बालबालिकाको पहिचान गरिनेछ ।

(४) उपदफा ३२) बमोजिमको जोखिमता लेखाजोखा गर्दा विभिन्न बहु पक्षगत सूचकहरुको विश्लेषण गरी जोखिमताको स्तर निर्धारण गरी प्राथमिकीकरण गर्नुपर्नेछः

क) जोखिमताको स्तर ८० प्रतिशत वा सो भन्दा बढी भएमा गम्भीर जोखिम

ख) जोखिमताको स्तर ५० प्रतिशत वा सो भन्दा माथि ८० प्रतिशत भन्दा कमी भएमा उच्च जोखिम

ग) जोखिमताको तह ३० प्रतिशत वा सो भन्दा माथि ५० प्रतिशत भन्दा कमी भएमा मध्ययम जोखिम

घ) जोखिमताको तह ३० प्रतिशत भन्दा कमी भएमा न्यून जोखिम

(५) उपदफा (४) बमोजिम पहिचान भएका गम्भीर तथा उच्च जोखिममा रहेका बालबलिकालाइ बाल संरक्षण घटना व्यवस्थापन प्रकृया बमोजिम सेवा प्रदान गरिनेछ र अन्य तहका जोखिममा रहेका बालबलिकाको समेत आवश्यक निगरानी एवम् अनुगमन गरिनेछ ।

## परिच्छेद-१०

## <u>विविध</u>

59. <u>**बाल संरक्षण मापदण्ड लागू गर्नेः-**</u> (१) ऐनको दफा ५७ अनुसारको बाल संरक्षण मापदण्ड नगरपालिका र प्रत्येक वडामा लागू गरिनेछ ।

(२) नगरपालिका भित्रका प्रत्येक विद्यालय, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने निजी क्षेत्र, सार्वजनिक निकाय एवम् सामाजिक संस्थामा अनिवार्य रुपमा संस्थागत तहमा बाल संरक्षण मापदण्ड लागू गर्न सहजीकरण गरिनेछ ।

६०. <u>खारेजी र बचाउः-</u>

१. वनगाड कुपिण्डेनगरपालिका बालसंरक्षण तथा बाल अधिकार सम्बन्धि कार्यविधि,२०८१ खारेज भएको छ ।

२. वनगाड कुपिण्डेनगरपालिका बालसंरक्षण तथा बाल अधिकार सम्बन्धि कार्यविधि,२०८१ बमोजिम भए गरेका कामकारवाही यसै एन बमोजिम भए गरेको मानिनेछ

६१.<u>व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः</u> कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

६२.<u>संशोधन गर्न सक्नेः</u> यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

अनुसूची-१

दफा १६ को उपदफा (१) सँग सम्बन्धित

बालक्लब वा संस्था दर्ताको निवेदन ढाँचा

मिति:..........

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
............ नगरपालिका
सल्यान।

<u>विषयः संस्था/बाल क्लब/सञ्जाल दर्ता/आबद्धता गरी पाऊँ भन्ने बारे ।</u>

महोदय,

हामीले .......................................... नामको संस्था/बाल क्लव खोल्न चाहेकोले बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८२ गरेको व्यवस्था बमोजिम संस्था/बाल क्लब सूचीकृत/आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन पेस गरेका छौं ।

(क) संलग्न आवश्यक कागजातहरु

१. बाल क्लबको निवेदन,
२. पहिलो भेलाको निर्णयको माइन्युटको प्रतिलिपी,
३. बाल क्लवको विद्यान,
४. विद्यालयमा आधारित भए विद्यालयको सिफारिस पत्र।

**(ख) कार्यसमितिका सदस्यहरुको विववरण**

| क्र.स. | पदाधिकारीको नाम | बालक | बालिका | उमेर | कक्षा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

निवेदक
अध्यक्ष

अनुसूची-२
दफा १६ को उपदफा (२) सँग सम्बन्धित
बालक्लब वा संस्था दर्ता प्रमाणपत्रको ढाँचा

..............नगरपालिका
..............जिल्ला
........... प्रदेश
नेपाल

<u>दर्ता/आवद्धता प्रमाणपत्र</u>

दर्ता नं. मितिः

श्री ......... संस्था/बाल क्लव

……….जिल्ला……………………………………… नगरपालिका…………..वडा नं.………..को ………………………………………………………………विद्यालय/समुदायमा गठन भएको………………………………………………………………………………बाल क्लब/संस्थालाई यस …………………… नगरपालिकामा दर्ता/ आवद्धता गरी बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८२ को व्यवस्था अनुसार दर्ता/आवद्धताको प्रमाणपत्र प्रदान गरिएको छ ।

बालअधिकारको संरक्षण र कार्यमा संविधान तथा कानुनको अधीनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं ।

.................................... ................................................

बाल कल्याण अधिकारी वा मबाशाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-३

दफा २५ को उपदफा (१) सँग सम्बन्धित

व्यक्ति वा परिवारले गाउँपालिकामा सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा

**मितिः** २०../...../......

श्री नगर बाल अधिकार समिति,

………….. नगरपालिका।

सल्यान ।

**विषयः- वैकल्पिक स्यहारका लागि सूचीकरण गरिदिने बारे ।**

उपर्युक्त सम्बन्धमा तहाँ पालिकाको मिति २०../ ../ .. गतेको सूचना तथा **बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी एकिकृत कार्यविधि,** २०८२ बमोजिम तहाँ नगरपालिकाबाट उद्धार गरी **वैकल्पिक स्याहारक**का लागि सिफारिस गरिएका बालबालिकालाई वैकल्पिक स्याहार सेवा उपलब्ध गराउन..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... स्थायी ठेगाना भएको..... ..... ..... ..... ..... **को नाती/नातिनी ..... ..... ..... ..... को छोरा/छोरी वर्ष ........ को** म ..... ..... ..... ..... ..... इच्छुक भएको हुँदा देहाय

बमोजिमका कागजातको प्रतिलिपि संलग्न गरी सूचीकरणका लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

निवेदकको
दस्तखतः
नामः
फोन नः

<u>निवेदनसँगै संलग्न कागजातहरु</u>

- नागरिकताको प्रमाणीत प्रतिलिपी
- पारिवारिक सदस्यहरुको विवरण
- घर तथा जग्गा-जमिन सम्बन्धी विवरण
- वार्षिक आम्दानी, खर्च र बचतको विवरण
- आम्दानीको स्रोत
- घरेलु हिंसा, बालबालिका विरुद्धको कसूर तथा नैतिक पतनदेखिने फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको स्व-घोषणापत्र
- शारीरिक र मानसिक समस्या नभएको, दीर्घकालीन उपचार गर्नुपर्ने वा सरुवा रोगबाट संङ्क्रमित नभएको र लागू पदार्थ दुर्व्यशन वा अन्य कूलतमा नलागेको खुलेको मान्यताप्राप्त चिकित्सकबाट सिफारिसपत्र

## अनुसूची-४
## दफा २५ को उपदफा (२) खण्ड (क) सँग सम्बन्धित
## नगरपालिकामा सूचीकृत भएको पत्रको ढाँचा

<u>(क) वैकल्पिक हेरचाहको लागि व्यक्ति वा परिवार सूचीकृत गरिएको प्रमाण-पत्रको ढाँचा</u>

.............. नगरपालिका
नगर बाल अधिकार समिति
सल्यान

मितिः.... .... .... ....

<u>वैकल्पिक हेरचाहको लागि व्यक्ति वा परिवार सूचीकृत गरिएको प्रमाण-पत्र</u>

कर्णाली प्रदेश ............. जिल्ला ............. नगर पालिका वडा नं. ............ टोल............. स्थायी ठेगाना रही हाल ऐऐ/............प्रदेश...............जिल्ला ............... गाँउ/गाउँ/उपगाउँ/नगर पालिका वडा नं. ...........

टोल............ बस्ने **..... ..... ..... .....** ..... को नाती/नातिनी ..... ..... ..... ..... को छोरा/छोरी वर्ष ....... को श्री **..........** लाई वैकल्पिक हेरचाहको हेरचाहको आवश्यकता भएका बालबालिका मध्ये परिवार वा व्यक्तिको संरक्षणमा संरक्षण व्यवस्थापन गर्न सकिने बालबालिकालाई व्यक्तिगत/पारिवारिक संरक्षणमा वैकल्पिक हेरचाहको व्यवस्थापनका गर्नको लागि **बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि,** २०८२ बमोजिम यो सूचीकरण प्रमाण-पत्र प्रदान गरिएको छ ।

दस्तखतः

नामः

पदः

अनुसूची-५

दफा २५ को उपदफा(२) खण्ड (ख) र (ग) सँग सम्बन्धित

अस्थायी संरक्षण सेवा वा बालगृह वा पुनःस्थापना केन्द्रले सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा

मितिः २०../...../......

श्री नगर बाल अधिकार समिति,
............. नगरपालिका।
सल्यान।

**विषयः- वैकल्पिक हेरचाह/अस्थायी संरक्षण सेवा प्रबन्धका लागि सूचीकरण गरिदिने बारे ।**

उपर्युक्त सम्बन्धमा तहाँ पालिकाको मिति २०../ ../ .. गतेको सूचना तथा **बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि,**२०८२ बमोजिम तहाँ नगरपालिकाबाट उद्धार गरी **वैकल्पिक स्याहार/अस्थायी संरक्षण**का लागि सिफारिस गरिएका बालबालिकालाई संरक्षण सेवाहरू उपलब्ध गराउन यस .... .... .... .... .... .... संस्था वैकल्पिक हेरचाह/अस्थायी संरक्षण सेवा प्रदान गर्न

इच्छुक भएको हुँदा देहाय बमोजिमका कागजातको प्रतिलिपि संलग्न गरी सूचीकरणका लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

निवेदकको
संस्थाको अध्यक्ष/प्रमुखको दस्तखतः
संस्थाको अध्यक्ष/प्रमुखको नाम र पदः

<u>निवेदनसँगै संलग्न कागजातहरु</u>

(क) सूचीकृत हुनका लागि निवेदन

(ख) संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र

(ग) परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरणको प्रमाण

(घ) पुनःस्थापना केन्द्रको हकमा नेपाल सरकारको निर्णयले परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरण

(ङ) संस्थाको बालबालिका संरक्षण गर्न सक्ने क्षमता र हाल संरक्षणमा रहेका बालबालिकाको विवरण

(च) अस्थायी संरक्षणको विशिष्टिकृत क्षमताको जानकारी

अनुसूची-६

दफा २६ को उपदफा(३) सँग सम्बन्धित

<u>अस्थायी संरक्षण/पुनःस्थापना केन्द्र/परिवारमा आधारित संस्था वा बालगृह सूचीकृत गरिएको प्रमाण-पत्रको ढाँचा</u>

.............. नगरपालिका
नगर बाल अधिकार समिति
सल्यान

मितिः.... .... .... ....

<u>अस्थायी संरक्षण/पुनःस्थापना केन्द्र/परिवारमा आधारित संस्था वा बालगृह सूचीकृत गरिएको प्रमाण-पत्र</u>

कर्णाली प्रदेश ............. जिल्ला ............. नगरपालिका वडा नं. ............ टोल............. स्थित कार्यालय रहेको श्री ........... संस्थालाई देहायको संरक्षण सेवाका लागि **बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८२** बमोजिम सूचीकरण गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

**संरक्षण सेवाको प्रकारः**

१. अस्थायी संरक्षण सेवा

(क) लागू पदार्थ दुर्व्यसनी उपचार सहित सडक बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ख) बालबालिका विरुद्धको यौनहिंसा तथा दुर्व्यवहारबाट पीडित र प्रभावित बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ग) वेवारिसे फेला परेका बालबालिकाको अस्थायी संरक्षण सेवा

(घ) जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिकाको उद्धार पछिको अस्थायी संरक्षण सेवा

(ङ) बाह्य देशबाट उद्धार गरिएका, वेचविखन तथा ओसारपारमा परेका बालबालिकालाई उद्धार पछिको अस्थायी संरक्षण सेवा

(च) मापदण्ड विपरित सञ्चालनमा रहेका वैकल्पिक स्याहारबाट उद्धार गरिएका बालबालिकाको पुनःस्थापना नभएसम्मका लागि अस्थायी संरक्षण सेवा

२. परिवारमा आधारित हेरचाह गर्ने संस्थाः

३. बाल गृहः

४. पुनःस्थापना केन्द्र

दस्तखतः

नामः.....................पद ..........................

अनुसूची-७

दफा ४३ को उपदफा (१) सँग सम्बन्धित

बाल संरक्षण सेवा अनुगमन प्रतिवेदनको ढाँचा

**१. पृष्ठभूमिः**

**अनुगमन टोलीः**

**अनुगमनको उद्धेश्यः**

**अनुगमनको विधि, प्रक्रियाः**

**अनुगमन गरिएका संरक्षण सेवाको विवरणः**

| क्रस. | संरक्षण सेवा प्रदायकको नाम | ठेगाना | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| | | जम्मा | | | |

२. अनुगमनको सारांस

(क) दर्ता सम्बन्धमा (संस्था अनुगमनको हकमा)

(ख) लेखा परिक्षण सम्बन्धमा (संस्था अनुगमनको हकमा)

(ग) संस्था सञ्चालन गर्ने उद्देश्य सम्बन्धमा(संस्था अनुगमनको हकमा)

(घ) बालबालिकाको संख्या तथा अभिभावकको अवस्था सम्बन्धमाः

(ङ) बालबालिका संरक्षणमा रहेको भौतिक पूर्वाधार सम्बन्धमाः

(च) बालबालिकाको हेरचाह गर्ने व्यक्ति वा परिवारको सम्बन्धमाः

(छ) आर्थिक स्रोतका सम्बन्धमाः

(ज) अध्ययनरत विद्यालयका सम्बन्धमाः

(झ) बालबालिकाको स्वास्थ्य अवस्था सम्बन्धमा

(ञ) बालबालिकाको पारिवारिक सम्बन्ध र व्यवहार सम्बन्धमा

## ३. संस्थागत अनुगमनको हकमा खुलाउनुपर्ने विषयहरु)

(क) संस्थाको नाम, ठेगाना र विवरण

(ख) संस्थाको कानूनी हैसियत र लेखापरीक्षणको अवस्था

(ग) संस्थाको भौतिक पूर्वाधारको अवस्था र सेवा सुविधा

(घ) संस्थामा बालबालिकाको संख्या भर्ना प्रक्रिया, सिफारिस, शिक्षा, स्वास्थ्य तथा संरक्षणको अवस्था

- स्थायी ठेगाना सम्बन्धमाः
- सिफारिस सम्बन्धमाः
- उमेर सम्बन्धमाः
- विद्यालय सम्बन्धमाः

(ङ) कर्मचारी, मानव संशाधन तथा नीति सम्बन्धी

(च) आर्थिक स्रोतः

(४) निश्कर्षः

५. सुधारका लागि विगतमा दिइएको निर्देशन तथा सुझावहरु र कार्यान्वयनको अवस्था

| क्र.स. | विगतको अनुगमन मिति | दिइएका निर्देशन तथा सुझावहरु | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

६. हालको अनुगमनबाट दिइएका सुझाव तथा निर्देशनः

(क) बालबालिकाको संरक्षण सेवा सम्बन्धमा

(ख) भौतिक पूर्वाधार, आर्थिक व्यवस्थापन, अभिलेखीकरण, सांस्कृतिक अधिकार सम्बन्धी मापदण्डको अवस्था

७. नगर

बाल अधिकार समितिका लागि सिफारिसहरु

अनुगमनकर्ताको दस्तखत १ः-
२ः-
३ः-

अनुसूची-८

दफा ४३ को उपदफा (२) सँग सम्बन्धित

अनुगमन चेकलिस्ट

| | | | |
|---|---|---|---|
| संस्थाको नामः- भवन(सार्वजनिक/आफ्नै/भाडामा/कच्ची/पक्की) | | | |
| ठेगानाः- .............प्रदेश, .................जिल्ला, .......................न.पा/गा.प......वडा,...................टोल | | | |
| अध्यक्षको नामः- सम्पर्क नम्बरः- कार्यालयको फोन नं.- | | | |
| सम्पर्क व्यक्तिको नामः- सम्पर्क नम्बरः- | | | |
| दर्ता नं. ....................................... निकायः .........................................................दर्ता मिति ............................. | | | |
| समाज कल्याण परिषद्को आवद्धता नं.-..............................................दर्ता मिति ............................................. | | | |
| संरक्षित बालकः- बालिकाः- लैङ्गिक तथा यौनिक अल्पसंख्यक- जम्माः- | | | |
| कर्मचारीको संख्याः- महिला .........जना, पुरूष ............जना, जम्मा.................. जना | | | |
| विद्यालय/कलेजको नामः- (सामुदायिक तथा संस्थागत) | | | |
| मापदण्डका विषयहरु | मूल्याङ्कन सूचीका बुँदाहरू | छ | छैन |
| १. कानूनी हैसियत तथा सञ्चालन गर्ने आधार (जम्मा भारः १०) | संस्था नवीकरण गरिएको (१) | | |
| | भरपर्दो र विश्वसनीय आर्थिक श्रोत सुनिश्चितता (नगद बैंक मौज्दात, विदेशी सहयोग प्रतिबद्धता पत्र र आयश्रोत खुल्ने कागजात) (५) | | |
| | लेखापरीक्षण गरिएको (१) | | |
| | विधानको उद्देश्यमा बालगृह/पुनःस्थापना केन्द्र सञ्चालन सम्बन्धी बुँदा स्पष्ट रुपमा उल्लेख भएको(२) | | |

| | | | |
|---|---|---|---|
| | साईनवोर्ड राखिएको (१) | | |
| | अस्थायी संरक्षण/पुनःस्थापना केन्द्र/बालगृह सञ्चालन अनुमति लिएको | | |
| २. बालबालिकाको भर्ना प्रक्रिया (जम्मा भारः १४) | व्यक्तिगत विवरण (शैक्षिक, स्वास्थ्य र व्यक्तिगत प्रगति विवरण सहितको फाइल तथा फारमलाई पूर्ण रुपमा भरेको हुनुपर्ने) राखिएको (४) | | |
| | सिफारिस (गाउँपालिका/गाँउपालिका/प्रहरी/बालबालिका खोजतलास समन्वय केन्द्र आदिको पत्रहरु) (४) | | |
| | विशेष संरक्षणको आवश्यकता भएका बालबालिका (३) | | |
| | जन्मदर्ता गरिएको (प्रमाण पत्र राखिएको) (२) | | |
| | मृत्युदर्ता (आमाबुबाको) प्रमाण पत्र रहेको (१) | | |
| ३. भौतिक पूर्वाधार र बालबालिकालाई उपलब्ध गराउने सुविधा (जम्मा भारः २८) | बालबालिकाको लागि सुरक्षित बालमैत्री भवन (बालक र बालिकाको लागि अलग्गै भवन वा फ्ल्याट वा खण्ड) (४) | | |
| | खेलमैदान, खेलकुदको व्यवस्था, अतिरिक्त क्रियाकलापको योजना र सेवाको उपलब्धता (२) | | |
| | कम्पाउण्डको व्यवस्था (२) | | |
| | बालमैत्री/अपाङ्गमैत्री शौचालय (बालक र बालिकाको लागि अलग्गै) (२) | | |
| | शुद्ध पानी र पोषणयुक्त खानाको उपलब्धता (साप्ताहिक भोजन तालिका(५) | | |
| | सफा भान्सा/भोजन र भण्डार कक्षको व्यवस्था (२) | | |
| | कार्यालय कक्ष/भेटघाट कक्ष (2) | | |
| | अध्ययन कक्ष/मनोरञ्जन कक्ष/पुस्तकालय (१) | | |
| | सफा प्राथमिक उपचार तथा सामाग्री/मनोबिमर्श कोठा (2) | | |
| | औपचारिक तथा अनौपचारिक शिक्षाको व्यवस्था (विद्यालय, किताब कापी, स्टेशनरी, अतिरिक्त शिक्षक, विद्यालयमा सुरक्षित आवतजावतको व्यवस्था)(४) | | |

| | | | |
|---|---|---|---|
| | सरसफाई र फोहोरमैला व्यवस्थापन (२) | | |
| ४. बाल संरक्षण र सहभागिता (जम्मा भारः २२) | बाल संरक्षण मापदण्ड, आचारसंहिता तयार गरी लागू भएको (३) | | |
| | विशेष अवस्थाका बालबालिकाको व्यक्तिगत अस्तित्व मर्यादा र गोपनियताको संरक्षणको व्यवस्था (दुव्यर्वहारजन्य पीडित बालबालिकाको)(१) | | |
| | बालबालिकाको गुनासो/उजुरी/सुझाव पेटिका तथा विषयमा सुनुवाई संयन्त्र(१) | | |
| | टेलिभिजन, ईन्टरनेट तथा सामाजिक सञ्जालमा बालबालिकाको पहूँच, निगरानी र सुरक्षाको सुनिश्चितता (२) | | |
| | बालबालिकाको धार्मिक स्वतन्त्रताको संरक्षण र सहभागिताको सुनिश्चितता(३) | | |
| | बालबालिकालाई लिङ्ग, जाति, सम्प्रदाय, वर्ण, धर्म, शारीरिक अवस्था, रोगव्याधि आदिका आधारमा भेदभाव नहुने सुनिश्चितता (२) | | |
| | मदिरा, सूर्तिजन्य पदार्थ र लागूपदार्थको प्रयोग नहुने सुनिश्चितता (१) | | |
| | बालबालिकाको फोटो, भिडियो आदिको दुरुपयोग नहुने सुनिश्चिता गरिएको(१) | | |
| | बालबालिका संरक्षणको स्याहार योजना बनाई कार्यान्वयन गरिएको (२) | | |
| | आकस्मिक/नियमित स्वास्थ्य उपचारको उपलब्धता र स्वास्थ्य विमा गरिएको (२) | | |
| | मनोसामाजिक हेरचाह र परामर्शको व्यवस्था (२) | | |

| | | | |
|---|---|---|---|
| | बालक्लबको स्थापना गरी बाल सहभागितालाई प्रवर्धन गरिएको (२) | | |
| ५. न्यूनतम शर्त, व्यवस्थापन तथा मानव संसाधन (जम्मा भारः १५) | कर्मचारी, पदाधिकारी र स्वयम् सेवकको योग्यता, आचरण, बालअधिकार संरक्षण सम्मत भएको सुनिश्चितता (२) | | |
| | हेरचाहकर्ता र प्रशासनिक कर्मचारीहरुको पर्याप्तता (३) | | |
| | तालीम प्राप्त कर्मचारी भएको सुनिश्चितता (३) | | |
| | कर्मचारीको नियमित, आकस्मिक अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था (१) | | |
| | बिदेशी रकम सहयोग लिंदा समाज कल्याण परिषद् बाट कार्यक्रम स्वीकृतिको पत्र लिइएको (३) | | |
| | संस्थाले नगद वा जिन्सी लिँदा अनुमति लिएको र सोको जानकारी(स.क.प., जि.प्र.का./रा.ब.अ.प./प्रदेश बा.अ.स. र गाउँ बा.अ.स.) गराउने गरिएको (३) | | |
| ६. विदाइ पुनर्मिलन/ पुनर्एकीकरण (जम्मा भारः ६) | विदाई पुनर्मिलन योजना बनाई कार्यान्वयन गरिएको (२) | | |
| | बालबालिकाको विदाई पश्चात् ५ वर्षसम्म बालबालिकाको विवरण तथा सूचनाहरु सुरक्षित राख्ने व्यवस्था मिलाएको (२) | | |
| | पुनर्मिलन,पुनर्एकीकरण पश्चात् अनुगमन, सहयोग तथा पारिवारिक परामर्श(२) | | |
| ७. गते अनुगमनको कार्यान्वयनको अवस्था(भारः ५) | अघिल्लो पटक अनुगमन गर्दा दिएको सुझाव/निर्देशन कार्यान्वयनको भएको(३) | | |

| | | | |
|---|---|---|---|
| | बालगृह सञ्चालक/कर्मचारीको बालमैत्री (बोली,व्यवहार,आचरण) व्यवहार(२) | | |
| जम्मा | | | |

संस्थाको छापः

संस्थाको तर्फबाट सूचना तथा जानकारी उपलब्ध गराउने व्यक्तिको विवरणः

नामः पदः सम्पर्क नः

अनुगमनकर्ताको नामः

१

२

३

४

अनुगमन गरिएको मितिः

आज्ञाले,
गोकर्ण पन्थी
प्रमुख प्रशासकीय अधिकृत